**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश डा. श्री कुमार चुडाल**

**माननीय न्यायाधीश श्री महेश शर्मा पौडेल**

**आदेश**

**०७५-WO-०३०४**

**मुद्दाः- परमादेश।**

| | |
|---|---|
| काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १० मा स्थापित एफोर्टल्याबको तर्फबाट अख्तियार प्राप्त भै आफ्नो हकमा समेत ऐ. को अध्यक्ष ऐ.ऐ. बस्ने अधिवक्ता पदमबहादुर श्रेष्ठ.................................................१ | निवेदक |

**विरुद्ध**

| | |
|---|---|
| वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं...............................१<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सिंहदरबार, काठमाडौं............................१<br>सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय.....................................१<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबार, काठमाडौं.................१<br>वातावरण विभाग, कुपण्डोल, ललितपुर..................................................१<br>फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग पुलचोक, ललितपुर......................१<br>काठमाडौं महानगरपालिका बागदरबार, काठमाडौं....................................१<br>ललितपुर उपमहानगरपालिका, ललितपुर................................................१<br>भक्तपुर नगरपालिका, भक्तपुर............................................................१ | विपक्षी |

**०७५-WO-०८८७**

**मुद्दाः- उत्प्रेषण परमादेशसमेत।**

| | |
|---|---|
| काठमाडौं जिल्ला, नागर्जनु नगरपालिका वडा नं. ५ बस्ने अधिवक्ता दिपक विक्रम मिश्र...............................................................१ | निवेदक |

**विरुद्ध**

| | |
|---|---|
| प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं...............१<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं...............१<br>वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं..............................१<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं.........१<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाह पथ, काठमाडौं.......................१ | विपक्षी |

वातावरण विभाग, कुपण्डोल, ललितपुर..............................................१
फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग, पुल्चोक, ललितपुर....................१
काठमाडौं महानगरपालिकाको कार्यालय, बागदरबार, काठमाडौं.................१
ललितपुर महानगरपालिकाको कार्यालय, पुल्चोक, ललितपुर......................१

नेपालको संविधानको धारा ४६ तथा धारा १३३(२) र (३) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् यस अदालतको आदेश यसप्रकार छः-

**रिट निवेदनको संक्षिप्त तथ्य**

१. काठमाडौं उपत्यकामा दैनिक कुहिने र नकुहिने फोहरसमेत गरी करिब १,००० टन सङ्कलन हुने गरेको तथ्य रहेको छ। उक्त फोहरमैलामध्ये करिव ८० प्रतिशत पुनः प्रयोग हुने फोहरमा पर्दछ। त्यसबाहेक अन्य बाँकी फोहर मात्र पुनः प्रयोग नहुने फोहरमा पर्दछ। तर सबै प्रकारको फोहरलाई सङ्कलन गरेर ल्यान्डफिल्ड साइटमा लगी थुपार्ने कार्य गरी आएको अवस्थालाई फोहरको उचित व्यवस्थापन गरेको मान्न सकिँदैन, त्यसको लागि विपक्षी तहहरुलाई पुनः प्रयोग गर्नुपर्नेसम्मको कानूनले नै दायित्व तोकी दिएको छ, यसरी विपक्षीहरुको कानूनी दायित्वको अध्ययन गर्दा विपक्षी नं. १ को समग्र वातावरणलाई देशै भर स्वच्छ, हराभरा बनाउने मूल उद्देश्य अनुरुप फोहरमैलाको उचित व्यवस्थापन गर्दै त्यसबाट आम्दानीको स्रोत बनाउने दिशातर्फ जानुपर्ने र सङ्कलन गर्ने निजी कम्पनी, सामुदायिक तथा संघ संस्थाहरुलाई नियमित अनुगमन गरी प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा सो गरिएको अवस्था छैन। विपक्षी नं. २ को फोहरमैला व्यवस्थापनको अभावमा हुने जनस्वास्थ्यको असरको विषयलाई महत्त्वपूर्ण विषय बनाई सो बमोजिम स्वास्थ्यसँग सम्बधित कार्ययोजना र फोहरमैला व्यवस्थापनको उचित व्यवस्थापन गर्न र गर्न लगाउनुको लागि आफ्नो मन्त्रालयबाट पहल गर्नपर्नेमा सो नगरेको, विपक्षी नं. ३ को शहरलाई स्वच्छ राख्नको लागि विभिन्न किसिमको फोहरलाई समय अवधिमा व्यवस्थापन गरी सदैव शहरलाई सफा हराभरा राख्नुपर्नेमा त्यसतर्फ अग्रसर भएको पाइएन, विपक्षी ४ नं. प्रधानमन्त्रीको कार्यालयले सम्पूर्ण मन्त्रालय र अन्य सम्बन्धित विभागहरुलाई फोहरमैला व्यवस्थापनलाई वैज्ञानिक किसिमले समाधान गर्नको लागि नीति तथा कार्यक्रमहरु निर्माण गरी कार्यान्वयन गर्नुपर्नेमा नगरेको, विपक्षी ५ नं. वातावरण विभागले हालसम्म फोहरमैला व्यवस्थापन हुनका कारण पत्ता लगाई त्यसको सही सल्लाह सुझाव दिने र नियमित अध्ययन अनुसन्धान निरीक्षण गर्नुपर्नेमा सो नगरेको, विपक्षी नं. ६ प्राविधिक सहयोग केन्द्रले

आफ्नो मातहतको तहलाई फोहरमैला व्यवस्थापन गर्नको लागि नीतिगत कार्यहरु गरी कारबाहीको लागि सिफारिस गर्ने र सम्पूर्ण स्थानीय तहहरुलाई फोहरमैला व्यवस्थापन ऐन, २०६८ को कानूनी व्यवस्थालाई कार्यान्वयन गर्नको लागि कार्य नीति बनाउनुपर्नेमा सो नगरेको, विपक्षी ७ नं., ८ र ९ नं. हरुले फोहरमैला व्यवस्थापन सम्बन्धी भएको कानूनको पालना आफूले र फोहर सङ्कलन गर्ने अन्य निजी कम्पनी, सामुदायिक, व्यक्ति, संघ संस्थाहरुलाई तत्काल पालना गर्न लगाउन पर्ने र कानूनबमोजिम नगरेमा कानूनी कारबाहीको भागीदार गराउनुपर्ने, सो नगरेको र नियमित अनुगमन गर्नुपर्नेमा त्यसतर्फ केही नगरी चुप लागी बसी आफ्नो दायित्वबाट विमुख भएको प्रस्ट भएको देखिन्छ। नेपालको संविधानको धारा १६, १८ र ३० मा प्रत्येक नागरिकलाई सम्मानपूर्वक, समान र स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक प्रदान गरिएको छ। यस्तै वातावरण संरक्षण ऐन, २०५३ को दफा ७(१) र फोहरमैला व्यवस्थापन ऐन, २०६८ का दफाहरूमा फोहरमैला व्यवस्थापन सम्बन्धी स्पष्ट कानूनी व्यवस्थाहरू छन्। तर विपक्षीहरूले उक्त कानूनहरूको प्रभावकारी कार्यान्वयन नगरी काठमाडौं उपत्यकामा चरम वातावरणीय प्रदूषण सृजना गरिरहेका छन्। फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ बमोजिम फोहरमैला व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको हो। तर स्थानीय तहले फोहर राख्ने स्थान, सङ्कलनको समयतालिका र निष्कासनको तरिका आजसम्म निर्धारण गरी सार्वजनिक गरेको छैन। कुहिने र नकुहिने फोहर छुट्टाई सङ्कलन गर्न फरक सवारी साधन प्रयोग गर्नुपर्नेमा सङ्कलनकर्ताहरूले एउटै गाडीमा मिसाएर लैजाने गरेका छन्। फोहरको परिणाम र प्रकृति अनुसार शुल्क निर्धारण गर्नुपर्नेमा हचुवामा रकम लिने गरिएको छ। काठमाडौं उपत्यकामा बिहानदेखि बेलुकासम्म सार्वजनिक सडक, गल्ली, चोक र पुलमुनिसम्म फोहरका डङ्गुर छरिएर रहन्छन्। कतिपय स्थानमा हप्तौंसम्म फोहर नउठेको अवस्था छ। दुर्गन्धले बटुवाहरू हिँड्न नसक्ने र स्थानीय बासिन्दाहरू दैनिक वातावरणीय प्रदूषणको पीडा भोग्नु परेको छ। विदेशी पर्यटकहरूसमेत यस समस्याबाट प्रताडित छन् र नेपालको पर्यटन व्यवसायमा नकारात्मक प्रभाव परिरहेको छ। फोहरलाई स्रोतमै छुट्याई पुनः प्रयोगमा ल्याउनुपर्नेमा सिधै ल्यान्डफिल साइटमा पुर्‍याउने गरिएकोले आर्थिक नोक्सानी र थप वातावरणीय क्षति हुँदै आएको छ। विपक्षीहरूले केवल ल्यान्डफिल साइटको अभावलाई बहाना बनाएर मूल समस्याको समाधानतर्फ ध्यान दिएका छैनन्। फोहरलाई स्रोतको रूपमा नहेरी समस्याको रूपमा मात्र हेर्ने प्रवृत्तिले स्थायी समाधान हुन सक्दैन। विपक्षीहरूको कानून कार्यान्वयनप्रति रहेको उदासीनताको कारणले गर्दासमेत फोहरको

व्यवस्थापन कठिनाई भएको अवस्था छ। अतः उपरोक्त आधारमा म निवेदकको सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९, ७३ (१), नेपालको संविधान धारा १६, १८, २५, ३०, ४६ र १३३(३), वातावरण संरक्षण ऐन, २०५३ को दफा ७, फोहरमैला व्यवस्थापन ऐन, २०६८ को २ (ज), (ञ), (ढ), (य), दफा ३, ४, ६, ७, ८, १८, १९, २०, २१, फोहरमैला व्यवस्थापन नियमावली, २०७० को नियम २ (क), (ग) (घ) ३, ४, ८, १५ स्थानीय संञ्चालन ऐन, २०७४ को दफा ११ (ञ) १२ र १३ फोहरमैला सङ्कलन निष्कासन तथा अन्तिम व्यवस्थापन सम्बन्धी काठमाडौं महानगरपालिकाको निर्देशिका, २०६८ समेतमा भएको कानूनी व्यवस्थालाई विपक्षीहरुले उपेक्षा गरेकोले यस विषयमा अन्यत्र निवेदन वा उजुरी दिँदा प्रभावकारी कानूनको कार्यान्वयन नहुने भएकोले नेपालको संविधानको धारा १३३(३) बमोजिम विपक्षीहरुको नाममा तपसिल उल्लिखित निवेदन मागबमोजिम परमादेश तथा उपयुक्त आज्ञा आदेश जारी गरिपाउँ।

क. काठमाडौं उपत्यकामा फोहर नियमित सङ्कलन नभएकोले प्रदूषण फैलिन थालेको हुँदा तत्काल काठमाडौं उपत्यकामा भएको फोहरलाई सङ्कलन गरी उचित व्यवस्थापन गर्नु साथै दिगो रुपमा फोहरमैला व्यवस्थापन गर्न स्थायी प्रकृतिको ल्यान्डफिल साइट तत्काल खोजी गरी त्यसलाई कार्यान्वयनमा ल्याउनु र हाल प्रचलनमा रहेको ओखरपौवा सिसडोलको ल्यान्डफिल साइट भरिसकेको हुँदा त्यसको वैकल्पिक रुपमा तत्काल अर्को ल्यान्डफिल साइटको व्यवस्थापन गर्नु भन्ने विपक्षीहरुको नाउँमा परमादेशको आदेश जारी गरिपाउँ।

ख. कुहिने र नकुहिने फोहर अनिवार्य रुपमा स्रोतमा नै छुट्याउन लगाई त्यस्ता फरक प्रकृतिको फोहरहरुलाई छुट्टै सवारी साधनबाट सङ्कलन गर्ने दिन, समय र स्थान यकिन गरी उक्त तोकिएको दिन, समय र स्थानबाट मात्र सङ्कलन गर्ने व्यवस्था गर्नुको साथै कसैले पनि तोकिएको दिन, समय र स्थान बाहेक फोहर निष्कासन गरेमा, फालेमा, छरपस्ट बनाएमा, नउठाएमा, छदै लगेमा, फोहर बोक्ने सवारी साधनलाई नढाकी गुडाएमा तत्काल कानूनबमोजिमको कारवाही गर्नु गराउनु भन्ने परामादेशसमेत जारी गरिपाउँ।

ग. नियमित फोहरमैला सङ्कलन गरे बापतको शुल्क निर्धारण गर्दा फोहरमैलाको परिणाम तौल तथा प्रकृति अनुसार शुल्क निधारण गर्ने कानूनबमोजिमको व्यवस्थालाई तत्काल कार्यान्वयन गर्नु गराउनु भन्ने परमादेश जारी गरिपाउँ।

घ. घर, व्यवसाय, शिक्षालय, कार्यालय, संघ संस्थाहरुबाट निष्कासन हुने फोहरलाई निष्कासन पुर्व जैविक (कुहिने) र अजैविक (नकुहिने) लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोत मै छुट्याउने र अलग भाँडोमा राख्न लगाई छुटाछुटै सवारी साधनबाट सङ्कलन गरी पुन प्रयोग र पुनः चक्रिय प्रणालीको माध्यमबाट आय स्रोत र फोहरमैलाको व्यवस्थित समाधान गर्ने व्यवस्था तत्काल स्थानीय तहले मिलाउनु र कानूनद्वारा तोकिएको विषयमा नियमित अनुगमन गर्नु गराउनु भनी विपक्षीहरुको नाममा परमादेश जारी गरिपाउँ।

ङ. फोहरमैला व्यवस्थापन ऐन, २०६८ र फोहरमैला व्यवस्थापन नियमावली, २०७० मा फोहरमैला व्यवस्थापन गर्न भएको कानूनी प्रवर्द्धनहरुलाई तत्काल कार्यान्वयन गरी सदैव स्वच्छ र स्वस्थ वातावरण कायम गर्नु गराउनु भनी विपक्षीहरुको नाममा परमादेश जारी गरिपाउँ।

अन्तरिम आदेश माग सम्बन्धमा विपक्षी १ नं. देखि नं. ९ सम्मका विपक्षीहरु नै फोहरमैला व्यवस्थापनको जिम्मेवार संस्था भएको र निजहरुको फितलो कार्यनीति तथा कानूनको पालना कमजोर भएकोले अहिलेसम्म नियमित रुपमा काठमाडौं उपत्यकामा फोहरमैला सङ्कलन नगरेको कारणले शहरमा वातावरणीय प्रदूषण दिनानु दिन बढी रहेकोले काठमाडौं उपत्यकाको सार्वजनिक स्थान, सडक, चोक आदिमा थुप्रेर रहेको फोहरलाई तत्काल सङ्कलन गरी शहरलाई सफा र वातावरणीय प्रदूषणवाट मुक्त राख्नु विपक्षीहरुको दायित्व भएकोले उक्त शहर प्रदूषण मुक्त राख्नको लागि तत्काल नै सरसफाई नगरेमा शहर दुर्गन्धित भै महामारीसमेत फैलिन सक्ने भएकोले यो निवेदनको अन्तिम किनारा नहुँदासम्म तत्काल काठमाडौं उपत्यकाको फोहरमैला सङ्कलन गरी शहरलाई फोहर मुक्त गर्ने कार्य सुरु गर्नु गराउनु भनी विपक्षी १ नं. देखि ९ नं. (१) बमोजिमसमेतको नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ यो निवेदनको अन्तिम किनारा नभएसम्म अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका स्थापित एफोर्टल्याबको अख्तियार प्राप्त अध्यक्ष तथा अधिवक्ता पदमबहादुर श्रेष्ठको यस अदालतमा परेको रिट निवेदन।

२. काठमाडौं महानगरपालिकाले ल्यान्डफिल साइट वि.सं. २०६२ देखि संञ्चालनमा रहेकोमा तीन वर्षका लागि मात्र निर्मित उक्त साइट क्षमताभन्दा बढी फोहर विसर्जन भइसकेको छ। वर्षायामका कारण माथिल्लो बाटो भासिएकाले फोहर बोक्ने सवारी साधन जान नसकिएको र दीर्घकालीन विकल्पका लागि छलफल मात्र भइरहेको अवस्था

छ। विपक्षीहरूले जैविक र अजैविक फोहर एकै सवारी साधनमा राखी ल्यान्डफिल पुऱ्याउँदा करोडौं रुपैयाँ जनताको कर दुरुपयोग भइरहेको छ। सार्वजनिक स्थानमा फोहर थुपारी आगो लगाउँदा वातावरण थप प्रदूषित बन्दै गएको छ। नेपालको संविधानको धारा १६, १८, २५ र ३०, वातावरण संरक्षण ऐन २०५३, फोहरमैला व्यवस्थापन ऐन २०६८ र स्थानीय सरकार संञ्चालन ऐन, २०७४ अनुसार विपक्षीहरूले कानूनी दायित्व पूरा नगरेकाले रोगको महामारी फैलिन सक्ने गम्भीर अवस्था सिर्जना हुने भएकोले फोहर स्रोतमै छुट्याई सङ्कलन गर्ने, तत्काल वैकल्पिक ल्यान्डफिल साइटको व्यवस्था गर्ने र दीर्घकालीन योजना बनाई लागू गर्न अन्तरिम आदेशसहित परमादेश जारी गरिपाउँ भन्ने समेत बेहोराको अधिवक्ता श्री दिपक विक्रम मिश्रको यस अदालतमा परेको **०७५-WO-०८८७ नं. को** रिट निवेदन।

३. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए आधार र कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षी नं. १ देखि ५ सम्मको हकमा महान्यायाधिवक्ता कार्यालयमार्फत र विपक्षी नं. ६ देखि ९ सम्मको हकमा आफू वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नू भनी विपक्षीहरूका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नू। साथै निवेदकले अन्तरिम आदेशसमेतको माग गरेको देखिँदा सो सम्बन्धमा दुवै पक्ष बीच छलफलका लागि मिति २०७५।०६।०७ को तारिख तोकी उक्त दिन छलफलमा उपस्थित हुनु भनी विपक्षीहरुलाई सूचना दिई नियमानुसार पेस गर्नू। अन्तरिम आदेश माग भएको सम्बन्धमा विचार गर्दा, दैनिक रुपमा निस्कने फोहरमैलाको समयमा नै उचित किसिमले व्यवस्थापन हुन नसकेमा वातावरण दुर्गन्धित भई आम नागरिकहरुको स्वास्थ्यमा प्रतिकूल असर पर्ने हुन्छ। नगर भित्रबाट उत्सर्जन भएका फोहरमैलाको नियमित रुपमा समुचित व्यवस्थापन हुन नसकी रहेको भन्ने आम नागरिकबीच गहिरो चासो भै रहेको हुँदा नागरिकबाट पनि जैविक र अजैविक (कुहिने र नकुहिने) फोहर छुट्याएर राख्न लगाउने व्यवस्था गरी त्यसरी छुट्याइएको जैविक र अजैविक फोहरहरु अलग-अलग दिन वा समयमा सङ्कलन गरी त्यसलाई प्रदूषित नहुने गरी सुरक्षित तरिकाले फोहरमैला विसर्जन गर्ने स्थान (Land Field) सम्म पुऱ्याउने र फोहरमैला सङ्कलन गरी लैजाने कार्य रोकिने र अवरोध हुने गरी हडताल गर्न नपाउने साथै फोहरमैला विसर्जन गर्ने स्थान, स्थानीय सरोकार जनताको सहमतिले निर्धारण गरी स्थान निर्धारण भएपछि

त्यहाँ फोहरमैलाको विसर्जन गर्ने कार्यमा कसैले पनि कुनै प्रकारको वाधा अवरोधसमेत गर्न नपाउने व्यवस्था तत्काल मिलाई फोहरमैला नियमित व्यवस्थित र सुरक्षित तरिकाले सङ्कलन, व्यवस्थापन र विसर्जन गर्ने कार्य गर्नु गराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीहरुको नाउँमा अन्तरिम आदेश जारी गरिदिएको छ। यो आदेशको प्रति छिटो साधनद्वारा विपक्षीहरुलाई दिई कानूनबमोजिम गर्नू भन्नेसमेत बेहोराको मिति २०७५।०६।१२ मा यस अदालतबाट ०७५-WO-०३०४ को रिट निवेदनमा भएको आदेश।

४. यसमा के कसो भएको हो? निवेदन मागबमोजिम आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारणसहित बाटोको म्याद बाहेक यो सूचना म्याद पाएका मितिले १५ दिनभित्र विपक्षी नं. १, २, ३, ४, ५ र ६ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र विपक्षी नं. ७, ८ र ९ को हकमा आफैं वा आफ्नो कानूनी प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कलसमेत साथै राखी विपक्षीहरुका नाममा सूचना म्याद जारी गर्नू। साथै अन्तरिम आदेशसमेतको माग गरेको सन्दर्भमा विचार गर्दा, उपत्यकाको अव्यवस्थित फोहरमैला तत्काल उठाई व्यवस्थापन नगरिएमा फोहरमैलाको कारणबाट जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने, महामारी फैलने अवस्था सृजना हुन सक्ने भएकाले सो अवस्था पैदा हुन नपाउने गरी तत्काल आवश्यक प्रभावकारी व्यवस्था मिलाउनु भनी सर्वोच्च अदालत नियमावली, २०७३ को नियम ४९ (२) बमोजिम यो अन्तरिम आदेश जारी गरिदिएको छ। सो बाहेक प्रस्तुत रिटमा उल्लिखित अन्य विषयहरु विवादको अन्तिम निरुपण हुँदा विवेचना हुने प्रकृतिको देखिएको हुँदा अन्तरिम आदेश जारी गरिरहनु परेन। आदेशको जानकारी विपक्षीहरुलाई दिई नियमानुसार गर्नू भन्नेसमेत बेहोराको ०७५-WO-०८८७ को रिट निवेदनमा भएको मिति २०७५।१२।०१ मा यस अदालतबाट भएको आदेश।

५. फोहरलाई श्रोतमै पृथकीकरण गर्न केन्द्रले सम्बन्धित स्थानीय तहको मागको आधारमा आवश्यक नीतिगत तथा प्राविधिक सहयोग उपलब्ध गराई रहेको छ। सोही अनुरुप केन्द्र र ललितपुर महानगरपालिकाको सहकार्यमा फोहरलाई श्रोतमै छुट्याई कुहिने फोहरबाट कम्पोष्ट मल बनाउने गरी ४,००० घरमा कम्पोष्ट मल वितरण गरिएको समेत तथ्यले निवेदन दावी फरक रहेको प्रस्ट गर्दछ। फोहरलाई निष्कासनको समय, स्थान र तरिका तोक्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको रहेकोले सो कार्यका लागि केन्द्रले माग तथा आवश्यकताबमोजिम प्राविधिक सहयोग गरिरहेको, फोहरमैला

सङ्कलन केन्द्र तोक्ने तथा कन्टेनर व्यवस्था गर्ने कार्यमा समेत केन्द्रले स्थानीय तहहरुलाई आवश्यक प्राविधिक सहयोग गरिरहेको, फोहरमैला व्यवस्थान ऐन, २०६८ को दफा १८ ले फोहरमैला व्यवस्थापन सेवा शुल्क निर्धारण गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहलाई तोकिएकोले उक्त कार्यमा केन्द्रको खास भूमिका रहेको छैन। काठमाडौं उपत्यकाको फोहरमैला विसर्जन भइरहेको सिसडोल ल्यान्डफिल साइटको क्षमता अवधि समाप्त हुने अवस्थामा रहेकोले सिसडोल साइटको क्षमता अवधिभित्रै वञ्चरेडाँडा दीर्घकालीन ल्यान्डफिल साइट निर्माण गर्न केन्द्रले बजेट तथा कार्यक्रम पेस गरेकोमा केन्द्रको वार्षिक कार्यक्रममा बजेट विनियोजन हुन नसकेकोले निर्माण कार्य अघि बढाउन नसकिएको भनी दुबै रिट निवेदनमा करिब एकै बेहोराको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र, श्रीमहल, ललितपुरको तर्फबाट पेस हुन आएको लिखित जवाफ।

६. प्रस्तुत निवेदनको विषयमा उल्लेख गरिएका विषयहरु वातावरण संरक्षणसँग सम्बन्धित विषय भएकोले यस मन्त्रालयको पनि चासोको विषय नहुने भन्ने रहेन। तर फोहरमैलालाई कुहिने र नकुहिने गरी छुट्याई व्यवस्थापन गर्ने कार्य प्रचलित कानूनबमोजिम अन्य तहबाट हुनुपर्ने देखिएको र यस मन्त्रालयबाट यस्तो कार्य हुने नहुँदा यस मन्त्रालयलाई विपक्षी बनाई रिट दर्ता गर्नुपर्ने अवस्था थिएन। रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत करिब एकै बेहोरा मिलान गरी दुबै रिट निवेदनमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको तर्फबाट पेस हुन आएको लिखित जवाफ।

७. उपत्यकाको फोहरमैला सङ्कलन गरी गराई सफा र स्वच्छ हराभरा शहरको व्यवस्थापन एवम् निर्माण सम्बन्धी कार्यको जिम्मेवारी उपत्यकास्थित महानगरपालिकाको क्षेत्राधिकारभित्र पर्ने बिषय भएको हुँदा उक्त तहबाट प्राप्त हुने लिखित जवाफबाट स्पष्ट हुने नै हुँदा यस मन्त्रालयलाई विपक्षी बनाई रहनुपर्ने होइन। तसर्थ यस मन्त्रालयको कुनैपनि कामकारबाही संविधानको धारा ३० प्रतिकूल नभई सो धारा अनुरुप छन्। स्वच्छ वातावरणका लागि यथासम्भव प्रयासरत रहेको यस स्थितिमा निवेदन दावीबमोजिम आदेश जारी गरिरहनुपर्ने कानूनी तथा तथ्यगत आधार र आवश्यकता नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भनी दुबै रिट निवेदनमा करिब एकै बेहोरा मिलानको विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयकाको तर्फबाट पेस हुन आएको लिखित जवाफ।

८. रिट निवेदनमा उठान भएको काठमाडौं उपत्यकामा फोहरमैला नियमित सङ्कलन, अर्को ल्यान्डफिल साइटको व्यवस्था, फोहरमैला सङ्कलन गरे बापतको शुल्क निर्धारण,

फोहरमैला सङ्कलनको दिन, समय र स्थानको यकिन जस्ता विषयहरु सम्बन्धित स्थानीय तहको कार्यक्षेत्रमा पर्दछन्। फोहरमैला व्यवस्थापन ऐन, २०६८ ती विषयहरुको जिम्मेवारी र दायित्व स्थानीय तहलाई नै स्पष्ट तोकिदिएको छ। यसैगरी स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड ञ (१५) मा स्थानीयस्तरका सरसफाई तथा फोहरमैला व्यवस्थापन गाँउपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार हुनेछ भन्ने व्यवस्था गरिएको छ। रिट निवेदनमा वातावरण विभागले हालसम्म फोहरमैला व्यवस्थापन हुनका कारण पत्ता लगाई त्यसको सही सल्लाह सुझाव दिने र नियमित अध्ययन अनुसन्धान निरीक्षण गर्नुपर्नेमा सो नगरेको भनी उल्लेख भएतापनि यस विभाग आफ्नो कार्यक्षेत्रमा पर्ने वातावरणीय विषयका क्षेत्रमा सल्लाह, सुझाव दिने, मापदण्ड तयार गर्ने, नियमित अनुगमन गर्ने, अभियान संञ्चालन गर्ने, सचेत गराउने, प्रचलित ऐन, कानूनको परिधिमा रही कारबाहीको प्रक्रिया अगाडि बढाउने जस्ता कार्य गरिरहेको छ। वातावरण विभागले आफ्नो कार्य क्षेत्रभित्र रही वातावरणसँग सम्बन्धित अध्ययन, अनुसन्धान, निरीक्षण, निर्देशन लगायतका कार्यहरु गरिरहेको बेहोरा सम्मानित अदालत समक्ष निवेदन गर्दै रिट निवेदन बदरभागी हुँदा खारेज गरिपाउँ भनी दुबै रिट निवेदनमा करिब एकै बेहोरा मिलानको विपक्षी नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, वातावरण विभागको तर्फबाट पेस हुन आएको लिखित जवाफ।

९. फोहरमैलाको प्रवन्ध एवम् व्यवस्थापनको लागि काठमाडौं महनगरपालिकाको कार्यालय एवम् अन्तर्गतको तहहरुले उपलब्ध श्रोत, साधन एवम् जनशक्ति परिचालन गरी विभिन्न सञ्चार माध्यमहरु मार्फत जनचेतनामूलक कार्यक्रम संञ्चालन गरी स्वच्छ सफा र सुन्दर शहरको नारासहित कानूनबमोजिम कार्य सम्पादन गर्दै आइरहेको छ। वातावरणमा प्रत्यक्ष असर पर्ने गरी काठमाडौं महनगरपालिका कार्यालयले कानूनको उल्लङ्घन, अवज्ञा, एवम् कानून कार्यान्वयन नगरेको उल्लेख गरी वास्तविकता के हो? उपलब्ध साधन, श्रोत, जनशक्ति एवम् विनियोजित बजेट कति हो? यकिन नै नगरी दायर गरेको निवेदन बेहोरा यथार्थपरक रहेको छैन। फोहरमैलाको उचित व्यवस्थापन गरी काठमाडौं महनगरपालिकाको सुन्दरता प्रवर्द्धन गर्न काठमाडौं महनगरपालिका कार्यालय एवम् अन्तर्गतको तहसँग हाल उपलब्ध श्रोत, साधन र जनशक्तिको परिचालनले मात्र सम्भव हुन सक्दैन। अर्थात काठमाडौं महनगरपालिकाको एक्लो प्रयासले मात्र फोहरमैला व्यवस्थाप हुन सक्दैन। स्वच्छ, सफा महानगरपालिका बनाउन एवम् कायम राख्न रिट निवेदक एन.जि.ओ. जस्ता संस्थाहरु, र सुन्दर सोका

अध्यक्षसहितको पदाधिकारी एवम् प्रत्यक नगरवासी जागरुक हुन जरुरी छ। दीर्घकालीन रुपमा थप प्रभावकारी ढङ्गबाट फोहर व्यवस्थापन गर्न गराउन काठमाडौं महानगरपालिका कार्यालय क्रियाशील रहेको छ। सो प्रयोजनको लागि काठमाडौं महानगरपालिका कार्यालयले औपचारिक एवम् अनौपचारिक तवरबाट एवम् सञ्चार माध्यममार्फत आम नागरिकहरुलाई सुसूचित गराउने कार्यसमेत गर्दै आइरहेको छ। दृष्टान्तको लागि सडकको हिलो र धुलो कम गर्न मिति २०७५।१२।१२ देखि काठमाडौंका विभिन्न सडकहरुलाई ५ वटा रुटमा विभाजन गरी ५ वटा आधुनिक ब्रुमरबाट सफाई कार्यक्रम संञ्चालन हुँदै आएको छ। तत्कालीन एवम् दीर्घकालीन रुपमा प्रभावकारी तवरबाट फोहर व्यवस्थापन प्रयोजनको लागि काठमाडौं महानगरपालिका कार्यालय क्रियाशील रहेकोले फोहर व्यवस्थापनको कार्यमा प्रत्येक नागरिक, घर, समाज एवम् तहको सहयोग र साथ रहेको छ कि छैन भन्ने विषय अधिक महत्त्वपूर्ण हुने हुनाले प्रचलित कानूनको दायराभित्र रही आफ्नो दायित्व वहन गरिरहेको तहलाई कानूनको अवज्ञा गरेको, कानून कार्यान्वयन नगरी महानगरपालिकालाई फोहरको डंगुर बनाएको जस्तो बेहोरा उल्लेख गरी ठोस र वस्तुगत आधार प्रमाण विना अनधिकृत तस्विरसमेतको सहारा लिई दायर भएको निवेदन दावीबमोजिम आदेश जारी हुन नसक्ने हुँदा रिट निवेदन खारेज गरिपाउँ भनी दुबै रिट निवेदनमा करिब एकै बेहोरा मिलानको विपक्षी काठमाडौं महानगरपालिका, नगर कार्यपालिका कार्यालयका तर्फबाट पेस हुनआएको लिखित।

१०.नेपाल सरकार र सम्बन्धित तहहरुले देशको राजधानी काठमाडौंलाई स्वच्छ र सफा राख्ने सम्बन्धमा नीतिगत, कानूनी तथा संस्थागत प्रबन्ध गर्दै आएको छ। काठमाडौं उपत्यकाको फोहरमैला अन्तिम विसर्जनका लागि वि.सं. २०६२ मा सुरु गरिएको सिसडोल ल्यान्डफिल साइटलाई चार पटकसम्म क्षमता विस्तार गरी संञ्चालनमा राखिएको छ। काठमाडौं महानगरका सडकहरूमा अत्याधुनिक ब्रुमर मेसिनबाट धुलो सफाइ जारी छ। सडक स्तरोन्नतिका कार्यहरू धमाधम भइरहेका छन् र नियमनकारी निकायहरूबाट सडक, फुटपाथ तथा सार्वजनिक स्थलहरूको नियमित अनुगमन र नियमन भइरहेको छ। फोहरमैला व्यवस्थापनका सम्बन्धमा सम्बन्धित तहहरुको लिखित जवाफबाट प्रस्ट हुने नै हुँदा प्रस्तुत लिखित जवाफमा थप उल्लेख गरिरहनु परेन भन्नेसमेत एकै बेहोरा मिलानको दुबै रिट निवेदनमा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट पेस हुन आएको लिखित जवाफ।

११.यस कार्यालयबाट नगर क्षेत्रभित्र फोहर सङ्कलन केन्द्र तोकिएकोः भक्तपुर नगरपालिका क्षेत्रमा निश्चित फोहर सङ्कलन केन्द्र तोकी निश्चित समयमा फोहर सङ्कलन गरी ढुवानी गर्ने व्यवस्था गरेको बिहान ६:०० बजेदेखि ९:०० बजेसम्म र दिउँसो १२:०० बजेदेखि ४:०० बजेसम्म। जैविक र अजैविक फोहर छुट्टाछुट्टै सङ्कलन गर्न नगरपालिकाबाटै कुहिने र नकुहिने फोहर राख्न रातो र हरियो बाल्टिन वितरणसमेत गरेको। वडा नं. १ सृजना नगर, धालांखुसी, सल्लाघारी, वडा नं. २ इटापाके, नर्चा, मिवाछें, ब्यासी, कासन (कालिघाट), वडा नं. ३ चुनदेवी, वडा नं. ४ गपली, वडा नं. ५ भेलुखेल लेसिख्यो, वडा नं. ६ ख्यापुखु, देकोचा, वडा नं. ८ लिवाली आवास क्षेत्र, जगाती, वडा नं. ९ तुमचो दुगुरे आवास क्षेत्र, वडा नं. १०. पाइपलाइन, देकोचा, कमलविनायक आवास क्षेत्र, च्याम्हासिंहदेखि दत्तात्रय, गोल्मढी, सुकुलढोका, टौमढी, नासमना, वंशगोपाल, भार्वाचो, दुधपाटी, इटाछें हुँदा खौमासम्म मुख्य बजार लाइनमा फोहर छुट्याई सङ्कलन. क्रमशः सबै वडाहरुमा फोहर छुट्याई सङ्कलन गर्ने योजना रहेको, फोहर छुट्याई सङ्कलन गर्न बाटो चोकमा कुहिने नकुहिन डस्टविनको व्यवस्था गरेको, फोहरलाई अन्तिम विसर्जन गर्न स्थानीय जग्गाधनीहरुसँग समन्वय गरी खाडल खनेर फोहर राखी माटोले पुरी फोहर व्यवस्थापन गर्दै आएको, कुहिने फोहरबाट कम्पोष्ट मल बनाई बिक्री वितरण गरेको, नकुहिने पुन प्रयोगिय वस्तुहरु छुट्टै सङ्कलन गरी बिक्री गर्ने प्रबन्ध मिलाई बिक्री गर्दै आएको, यस कार्यालयबाट स्थानीय उपभोक्ता समिति र टोल सुधार समितिसँग समेत समन्वय गरी फोहरमैलाको व्यवस्थापन गर्दै आइरहेका कागजातहरु यसै साथ पेस गरेका छौं। यसरी यस कार्यालय फोहरमैलाको सम्बन्धमा सक्रिय रुपमा व्यवस्थापन गर्दै आइरहेको अवस्थामा यस कार्यालय उपर लगाइएको आरोप झुठ्ठा भएको हुनाले रिट आवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको ०७५-WO-०३०४ नं. को रिट निवेदनमा भक्तपुर नगरपालिका कार्यालयको तर्फबाट पेस हुन आएको लिखित जवाफ।

१२.निवेदनमा उल्लेखित समयमा वर्षादका कारण ओखरपौवा जाने सडकमा पहिरो गएकाले केही दिन विसर्जनमा अवरोध भएको हो। यस महानगरले स्थानीय सरकार संञ्चालन ऐन, २०७४ बमोजिम आफ्नो स्रोत र क्षमताले भ्याएसम्म फोहर सङ्कलन र व्यवस्थापनको दायित्व पूरा गरिरहेको छ। ओखरपौवा ल्याण्डफिल साइट भरिन लागेको र प्राकृतिक तथा मानवीय अवरोधका कारण समस्या उत्पन्न हुने गरेकोले यसको स्थायी विकल्प नेपाल सरकारले नै खोजिदिनुपर्ने अवस्था छ। साथै, महानगरपालिकाले कम्पोष्ट मल बिन वितरण, प्लास्टिक पुनः प्रयोगका लागि तालीम र सडक सफा गर्ने मेसिनको

प्रयोग जस्ता सुधारात्मक कार्यहरू गरिरहेको हुनाले रिट खारेज गरिपाउँ भनी दुबै रिट निवेदनमा करिब एकै बेहोरा मिलानको विपक्षी ललितपुर महानगरपालिकाको तर्फबाट पेस हुन आएको लिखित जवाफ।

१३. वन तथा वातावरण मन्त्रालयले वातावरण संरक्षणमा आफू पूर्ण सजग र सचेत रहेको र जनचेतनाका लागि विभिन्न सञ्चारमाध्यमबाट निरन्तर सूचना प्रसारण गरिरहेको छ। वातावरण संरक्षण ऐन, २०५३ र नियमावली, २०५४ को अधीनमा रही स्वच्छ वातावरण कायम गर्न र प्राकृतिक स्रोतको समुचित व्यवस्थापन गर्न मन्त्रालय क्रियाशील रहेको छ। रिट निवेदकले व्यक्तिगत वा औद्योगिक तहबाट हुने प्रदूषणमा कारबाही नभएको भनी लगाएको आरोप गलत छ। मन्त्रालयले नियमित रूपमा अनुगमन गरी वातावरणमा प्रतिकूल प्रभाव पार्ने संघ-संस्थाहरूलाई कानूनबमोजिम कारबाही गरिरहेको छ। तसर्थ, मन्त्रालयले आफ्नो कानूनी दायित्व निरन्तर पूरा गरिरहेको हुँदा रिट खारेज गरिपाउँ भनी दुबै रिट निवेदनमा करिब एकै बेहोरा मिलानको विपक्षी बन तथा वातावरण मन्त्रालयको तर्फबाट पेस हुन आएको लिखित जवाफ।

१४. यसमा दैनिक रुपमा निस्कने फोहरमैला समयमा नै उचित किसिमको व्यवस्थापन तथा वातावरण संरक्षण सम्बन्धमा यस अघि भएका विभिन्न फैसलाहरुको कार्यान्वयन र यस मुद्दामा मिति २०७५।०६।१२ मा "दैनिक रुपमा निस्कने फोहरमैलाको समयमा नै उचित किसिमले व्यवस्थापन हुन नसकेमा वातावरण दुर्गन्धित भई आम नागरिकहरुको स्वास्थ्यमा प्रतिकूल असर पर्ने हुन्छ। नगर भित्रबाट उत्सर्जन भएका फोहरमैलाको नियमित रुपमा समुचित व्यवस्थापन हुन नसकी रहेको भन्ने आम नागरिक बीच गहिरो चासो भैरहेको हुँदा नागरिकबाट पनि जैविक र अजैविक (कुहिने र नकुहिने) फोहर छुट्याएर राख्न लगाउने व्यवस्था गरी त्यसरी छुट्याएको जैविक र अजैविक फोहरहरु अलग-अलग दिन वा समयमा सङ्कलन गरी त्यसलाई प्रदूषित नहुने गरी सुरक्षित तरिकाले फोहरमैला विसर्जन गर्ने स्थान (Land Field) सम्म पुऱ्याउने र फोहरमैला सङ्कलन गरी लैजाने कार्य रोकिने र अवरोध हुन गरी हड्ताल गर्न नपाउने फोहरमैला विसर्जन गर्ने स्थान, स्थानीय सरोकार जनताको सहमतिले निर्धारण गरी स्थान निर्धारण भएपछि त्यहाँ फोहरमैलाको विसर्जन गर्ने कार्यमा कसैले पनि कुनै प्रकारको वाधा अवरोधसमेत गर्न नपाउने व्यवस्था तत्कालै मिलाई फोहरमैला नियमित व्यवस्थित र सुरक्षित तरिकाले सङ्कलन, व्यवस्थापन र विसर्जन गर्ने कार्य गर्नू गराउनू भनी भएको अन्तरिम आदेश कार्यान्वयन सम्बन्धमा के कस्तो प्रक्रिया अपनाइयो? ती प्रक्रियाहरुबाट

अन्तरिम आदेश कार्यान्वयन गराउन सहयोग हुन सक्यो सकेन? उक्त अन्तरिम आदेश कार्यान्वयनको सन्दर्भमा कुनै नीतिगत निर्णय र व्यवस्थाहरु बने कि बनेनन्? काठमाडौं र ललितपुरमा नियमित रुपमा फोहरमैला व्यवस्थापन गर्न के के कठिनाई र वाधाहरु हुने गर्दछन्? ती कठिनाई र वाधाहरुलाई हटाउन के के उपाय गर्नुपर्दछ। नियमित रुपमा फोहरमैला व्यवस्थापन हुन र त्यसको निराकरण किन फाल्ने स्थान निर्धारण गर्नमा के के समस्या छन्? तिनको दीर्घकालीन समाधानको लागि के हुन सक्दैन? फोहर के उपाय गर्न पर्छ? फोहरमैला विसर्जन गर्ने स्थान विवादरहित र दिगो बनाउन के कस्ता समस्याहरुको के कसरी दिगो रुपमा समाधान गर्नुपर्दछ। नियमित रुपमा फोहरमैला ब्यवस्थापन गर्न के के उपाय गर्नुपर्दछ? ती सबै बुँदाहरू र साथै महानगर र उपमहानगरपालिकाको अनुभवबाट देखिएका अन्य अवस्थाहरुमा पनि केही सुझावहरु समेत भए तिनीहरूलाई समावेश गरी विस्तृत रुपको प्रतिवेदन पाँच महिनाभित्रमा पठाउनू भनी झिकाई आएपछि नियमानुसार पेस गर्नू भन्नेसमेत बेहोराको मिति २०७८।१२।१० मा यस अदालतबाट भएको आदेश।

१५. देहायका कार्य गरी सम्पन्न गरी इजलास समक्ष पेश गर्नु भनी यस अदालतबाट भएको आदेश।

क) यसमा प्रस्तुत निवेदन आम जनसाधरणको स्वास्थ्य, वातावरणीय असर, काठमाडौं फोहर उपत्यकाभित्र उत्सर्जन हुने फोहर सङ्कलन, सो को व्यवस्थापन एवं सङ्कलित फोहरबाट उर्जा एवं मलखाद लगायतका आर्जनयुक्त गतिविधिको दीर्घकालीन र समुचित व्यवस्थापनका सवालहरुमा भएको देखिन्छ। तत् सम्बन्धमा कानूनी व्यवस्थाहरु सम्बन्धमा मुलतः नेपालको संविधानको धारा ३०, स्थानीय सरकार संञ्चालन ऐन, २०७४, फोहर मैला व्यवस्थापन ऐन, २०६८, सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारका सम्बन्धमा भएका निर्देशनात्मक आदेश समेतका फैसलाहरु क्रियाशिल भएको पाइन्छ।

ख) तथापी काठमाडौं उपत्यकामा उत्सर्जन हुने फोहरहरु सङ्कलनका बखत कुहिने फोहर र नकुहिने फोहर छुट्याइ सङ्कलन गर्ने नगरिएको, सङ्कलित फोहरमध्ये मलखाद बनाइने वा उर्जा उत्सर्जन गर्ने वा अन्य तवरबाट पुनः प्रयोग (Recycle) गर्ने समेतका कार्यहरु सम्पन्न हुन सकेको नपाइएको, फोहर विसर्जन गर्न निर्धारण गरिएको क्षेत्रहरुमा निकट भविष्यमा स्थानाभावको टड्कारो अवस्था देखा परेको एवं फोहर विसर्जन हुने क्षेत्रमा स्थानीय व्यक्तिहरुको स्वास्थ्य लगायत जैविक एवं वातावरणमा उल्लेख्य प्रतिकूल प्रभाव परेको समेतको स्थितिमा सो को समुचित

निराकरण कुनै खास तह वा क्षेत्रको मात्र प्रयासले सम्भव नहुने भएकोले सबै सम्वद्ध स्तम्भहरुले (Pillars ) एकीकृत रुपमा कार्य योजना साथ दीर्घकालीन एवं तत्कालीन कार्य गर्नुपर्ने देखिन आउँछ।

ग) अतएवंः प्रस्तुत निवेदन मुलतः काठमाडौं उपत्यकाको फोहर व्यवस्थापनसँग सम्बन्धित भई आम सार्वजनिक हकहित र सरोकारको सवाल समेत भएकोले यस रिट निवेदनको सुनुवाइ अदालतको एउटै इजलासबाट सम्वद्ध क्षेत्रहरु सँग समेत समन्वयात्मक रुपमा कार्य योजनाका साथ निष्कर्षमा पुग्दा परिणाममुखी हुने भएकोले प्रस्तुत निवेदनलाई निरन्तर सुनुवाइको (Continuous Mandamus) रुपमा पेशी राखी नियमानुसार पेस गर्नू

१६.प्रस्तुत रिट निवेदनको पेशी मिति २०८१।०५।१८ गते तोकी यसै इजलास समक्षपेस गर्नू भनी यस अदालतबाट मिति २०८१।०४।१५ मा भएको आदेश।

क)काठमाडौं उपत्यकाभित्र विसर्जन हुने फोहर कुन-कुन महानगरपालिका/ उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका क्षेत्रहरुबाट हुने गरेका छन्? सो को नामावली ७ (सात) दिनभित्र काठमाडौं महानगरपालिकाबाट लिनू।

ख)उक्त खण्ड (क) बमोजिम नामावली प्राप्त भएपछि सो तहले फोहर व्यवस्थापन सम्बन्धमा गरी रहेको कार्य सम्बन्धमा १५ (पन्ध्र) दिनभित्रमा प्रतिवेदन लिई मिसिल सामेल राख्नू।

ग) काठमाडौं उपत्यकाको फोहर व्यवस्थापनसँग सम्वद्ध सरकारी तहको नामावली महान्यायाधिवक्ताको कार्यालय मार्फत शहरी विकास मन्त्रालयबाट लिई नामावली प्राप्त हुन आएका सरकारी तहले हाल गरी रहेको कार्य विवरण १५ (पन्ध्र) दिनभित्रमा मगाई मिसिल सामेल राख्नू।

१७.यसमा देहायबमोजिमको कार्य सम्पन्न गरी मिति २०८१।१२।११ को पेसी तोकी नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको मिति २०८१।१०।२२ मा यस अदालतबाट भएको आदेश।यस आदेशानुसारका पदाधिकारी इजलास समक्ष उपस्थित भई छलफलमा सहभागी भई निर्दिष्ट विषयबस्तुमा भइरहेको कार्य र सो सम्बन्धमा धारणा राख्नु भएको।

(१) प्रकरण (२) मा उल्लेख भएका विषयमा इजलाससमक्ष छलफल गर्ने प्रयोजनार्थ उक्त दिन ११ बजे इजलाससमक्ष उपस्थितिका लागि निम्न पदाधिकारीहरुलाई महान्यायाधिवक्ताको कार्यालयका सह-न्यायधिवक्ता श्री दीपशिखा मुनाकमीको समन्वय गर्ने गरी जानकारी गराउनु।

मुख्य सचिव - प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

सचिव - शहरी विकास मन्त्रालय

सचिव - वन तथा वातावरण मन्त्रालय

सचिव - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

प्रमुख सचिव - बागमती प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडा

सह-सचिव - स्थानीय तह हेर्ने/Focal Person, शहरी विकास मन्त्रालय

प्रमुख प्रशासकीय अधिकृत - काठमाडौं महानगरपालिका, काठमाडौं

प्रमुख प्रशासकीय अधिकृत - ललितपुर महानगरपालिका, ललितपुर

प्रमुख प्रशासकीय अधिकृत - भक्तपुर नगरपालिका, भक्तपुर

(२) इजलाससमक्ष हुने छलफलका विषयहरुः

(क) काठमाडौं उपत्यकाको फोहर विसर्जन व्यवस्थापनका लागि आवश्यक न्यूनतम जग्गा प्राप्तिका सन्दर्भमा स्थानीय तह एवम् सरकारको दृष्टिकोण र भावी योजना, काठमाडौं उपत्यकाको फोहर विसर्जन गर्ने बन्चरो डाँडा Land Field Site को फोहर विसर्जन क्षमता स्तरउन्नती तथा स्थानान्तरण सम्बन्धी भावी योजना,

(ख) काठमाडौं उपत्यकाको फोहर विसर्जनबाट उत्पादन हुन सक्ने कम्पोष्ट प्लान्ट वायो ग्यास प्लान्ट, प्रशोधन प्लान्ट, कम्प्रेसन पद्धतिको सम्बन्धमा भावी योजना तथा कार्यक्रम,

(ग) काठमाडौं उपत्यकाको फोहर विसर्जन उत्पादनमूलक प्लान्ट स्थापनाका लागि निजी क्षेत्र वा सरकारी निजी साझेदारी कार्यक्रम सम्बन्धमा भावी योजना तथा कार्यक्रम,

(घ) कुहिने र नकुहिने फोहर सङ्कलन र विसर्जनका लागि आवश्यक पूर्वावस्था, चुनौती एवम् समाधानका उपाय (mitigating measures and models),

(ङ) काठमाडौं उपत्यका फोहर व्यवस्थापन सम्बन्धमा केन्द्र, प्रदेश र स्थानीय तहबाट अवलम्बन गरिने दीर्घकालीन उपायहरु,

(च) अन्य सान्दर्भिक विषयहरु।

१८. फोहरमैला व्यवस्थापन सम्बन्धी उत्प्रेषणको रिट निवेदका सम्बन्धमा सम्पर्क व्यक्तिको रुपमा सम्पन्न काम कारबाही चेकलिष्ट र उपत्यभित्र रहेका जम्मा २३ स्थानीय निकायबाट प्राप्त प्रतिवेदनको विश्लेषण,मूल्याङ्कनएवम् सो प्रतिवेदनका २८ इन्डिकेटरहरूको प्रतिवेदन देहाय बमोजिम रहेको छ।

| क्र.सं | विषय | प्रतिवेदनका २८ ईन्डिकेटरहरुको समग्र विश्लेषण |
|---|---|---|
| १. | संरचना | ✓ प्राय सबैजसो पालिकाले बन्चरेडाँडा ल्याण्डफिल साईटमा निजी संस्थाको सहयोगमा आफ्नो पालिकाको फोहर विसर्जन गर्ने गरेको।<br>✓ कुनै पनि पालिकाको आफ्नै छुट्टै स्थानान्तरण केन्द्र, ल्याण्डफिल साईट, प्रशोधन प्लान्ट, कम्पोष्ट प्लान्ट, वायोग्यास प्लान्ट लगायतका संरचना नभएको।<br>✓ पालिकाहरुको आफ्नो छुट्टै संरचना हुनुपर्ने भन्ने सोचसम्म रहेको, खासै संरचना निर्माणतर्फ योजना रहेको नदेखिएको। |
| २. | क्षमता | ✓ संरचना निर्माणको लागि जग्गाको उपलब्धता, पालिकाको नाममा जग्गा हस्तान्तरण गर्ने प्रकृया, स्थानीयको साथ सहयोग, आर्थिक तथा प्राविधिक, मानवस्रोत साधन लगायतको क्षमता अभाव रहेको। |
| ३. | जग्गा | ✓ पालिकाको आफ्नै छुट्टै जग्गा नरहेको, उपलब्ध हुन सक्ने सम्भावना पनि पालिकाले नदेखेको। |
| ४. | वर्गीकरण | ✓ मूलतः जैविक र अजैविक गरी दुई वर्गीकरण गर्नुपर्छ भन्ने सम्मेको हेक्का रहेको,<br>✓ वर्गीकरण स्रोतमै गर्ने गरेको नपाईएको,<br>✓ अजैविक फोहरको वर्गीकरण र त्यसको सही विसर्जन सम्बन्धमा पालिका कसैको पनि दीर्घकालीन सोच बनेको नदेखिएको,<br>✓ फोहर मैला व्यवस्थापनको प्रारम्भिक चरणमै पालिका अलमलिएको र समस्यामा परेको देखिएको। |
| ५. | साझेदारी | ✓ निजी कम्पनीहरु फोहर मैला पालिकाबाट संकलन गरेर ल्याण्डफिल्ड साईटमा पुऱ्याउन सम्म जिम्मेवार रहेको देखिएको।<br>✓ पालिकासँग औपचारिक रुपमा सहकार्य गरेको नदेखिएको,<br>✓ पालिकाको नियन्त्रण भन्दा वाहिर आफ्नै मनोमानि ढङ्गमा निजी कम्पनीहरुले मन लागे काम गर्ने नलागे नगर्ने प्रवृत्ति राखी काम गर्ने गरेको पाईएको।<br>✓ स्थानीय वासिन्दाको तहबाट हुने गरेको केही न्यून काम कारवाही परिणाममुखी र दिगो नहुने देखिएको।<br>✓ सार्वजनिक निजी साझेदारीको अवधारणाको उदाहरण नभेटिएको। |
| ६. | संकलन विधि | ✓ निजी कम्पनीको आ-आफनै तौर तरिकामा संकलन हुने गरेको।<br>✓ केही पालिकालाई सोको कार्यविधि बारे जानकारी भएको।<br>✓ अधिकांश संकलन विधिबारे बेखवर रहेको। |
| ७. | राजश्व | ✓ विभिन्न पालिकाबाट निजी कम्पनीले बन्चरेडाँडामा विसर्जन गरे वापत महानगरिपालिकाले केही न्यून शूल्क लिने गरेको। |

| | | |
|---|---|---|
| | आर्जन | ✓ अन्य पालिकाहरुलाई निजी कम्पनीबाट केही प्राप्त हुने नगरेको। |
| ८. | कानून | ✓ केही पालिकाको कानून भएको।<br>✓ केही पालिका तर्जुमाको क्रममा रहेको।<br>✓ कानून हुने पालिकाहरुले पनि कानून कार्यान्वयन गर्न नसकेको। |
| ९. | कारवाही | ✓ कारवाही सम्बन्धी कानून अनुरुप केही पालिकाले आर्थिक कारवाही गरेको देखिएको। |
| १ | सरकारवीच समन्वय | ✓ संघ र प्रदेशबाट स्थानीय तहले अपेक्षा राखेको।<br>✓ संविधानको एकल सूची र फोहर मैला व्यवस्थापन ऐन, २०६८ ले स्थानीय तहलाई जिम्मेवार बनाउनु भनेको संघीय सरकार आफ्नो मूलभूत जिम्मेवारीबाट पन्छिन खोजेको भन्ने बुझाई स्थानीय तहको रहेको।<br>✓ स्थानीय तह आफैले, विशेषतः उपत्यकाका अन्य २२ पालिका र आफ्नो समेत जम्मा २३ पालिकाको फोहर मैला व्यवस्थापनको जिम्मेवारी वहन गर्दै आएको काठमाडौं महानगरपालिकासमेत आफ्नै ३२ वडामध्ये जम्मा भित्री १० वडाको हकमा मात्र जिम्मेवारी लिई अघि बढेको देखिएको।<br>✓ माहनगरपालिकाको नेतृत्वलाई पालिका स्वयंका वाहिरी २२ वडाको फोहर उठाउने निजी कम्पनी लगायत अन्य पालिकाहरुले स्वीकार गरेको अथवा श्रेय दिएको नदेखिएको।<br>✓ संघ र प्रदेशको हस्तक्षेप विना फोहर मैला व्वयवस्थापनको समस्या भविष्यमा झनै विकराल हुने देखिएको।<br>✓ पालिकाहरुको थोरै प्रयास आफैमा अपर्याप्त देखिएको।<br>✓ पालिकाहरुमा फोहर मैला व्यवस्थापन सम्बन्धमा गाम्भिर्यता, गहन अध्ययन, ठोस कार्ययोजना र काम गर्ने उत्कट चाहना भएको नपाईएको। |
| १ | कार्यान्वयन | ✓ संकलन र विसर्जन सम्बन्धी संघीय कानून र स्थानीय कानूनको कार्यान्वयन अवस्था चिन्ताजनक रहेको। |
| १ | आफ्नै विसर्जन स्थान | ✓ नभएको। |
| १ | जनचेतना | ✓ केही पालिकाहरुले केही कार्यक्रम गर्न खोजेको जस्तो देखिए तापनि स्रोतमै फोहर मैलाको वर्गीकरण भएको नदेखिएबाट जनचेतनाको स्तर सन्देहात्मक भएको। |
| १ | आदेश | ✓ ०७५-WO-०३०४ को रिटमा अदालतको मिति २०७५।०६।१२ को आदेश कार्यान्वयनको लागि अधिकांश |

| | | |
|---|---|---|
| | कार्यान्वयन | पालिकाले कार्य गरेको पाईएको। यद्यपी आदेश पालनाको परिणाम भने नगन्य रुपमा देखिएको। |
| १ | व्यवस्थापन समस्या | ✓ संघ, प्रदेश र स्थानीय तहवीच संविधानको मूल मर्म-सहकार्य, समन्वय, सहअस्तित्वमा आधारित भई फोहर मैला व्यवस्थापनमा ऐक्यबद्धता नरहेको।<br>✓ स्थानीय वासिन्दाहरु आफ्नै पालिकामा संरचना निर्माण गर्ने सम्बन्धमा नकारात्मक रहेको।<br>✓ प्रत्येक पालिका सचेत र सजग भई महानगरपालिकाको नेतृत्वलाई स्वीकारी हातेमालो गरी काम गर्न तत्पर नरहेको।<br>✓ निजी कम्पनीलाई पालिकाहरुले आफ्नो नियन्त्रण, नियमनमा लिन सकेको नदेखिएको।<br>✓ महानगरपालिका आफ्नै वाहिरी २२ वडाको फोहर व्यवस्थापन सम्बन्धमा जिम्मेवार भई कार्य गर्न सकेको नदेखिएको,<br>✓ महानगरपालिका अन्य पालिका भन्दा फोहर मैला व्वयवस्थापनका सम्बन्धमा योजना बनाउने मामिलामा अग्रपङ्तिमा रहेको देखिएको- प्रश्नावलीको प्रकरण नं. १ मा रहेका संरचना निर्माण सम्बन्धी दर्जनौं योजना पालिकासँग भएको।<br>✓ प्राविधिक, आर्थिक, सीप, जग्गाको उपलब्धता लगायतका समस्यालाई छिचोल्दै महानगरपालिका एक्लै अघि बढ्न सक्ने अवस्था नरहेको। |
| १ | संकलन र विसर्जन समस्या | ✓ ल्याण्डफिल साईटमा विसर्जनको समस्या छ।<br>✓ वर्गीकृत छैन।<br>✓ कम्प्रेसन प्रविधि छैन।<br>✓ लिचेट प्रशोधन प्रविधि छैन।<br>✓ जैविक फोहरलाई घटाउने प्रविधिको पालना भएको देखिँदैन।<br>✓ स्रोतमै वर्गीकरण गरी संकलन हुने गरेको छैन।<br>✓ स्रोतमा वर्गीकरण भए तापनि ढुवानी गर्दा मिसाएर लाने र एकमुष्ट विसर्जन गर्ने गरेको देखिन्छ। |
| १ | उद्योग कारखाना | ✓ आफैले फोहर मैला ल्याण्डफिल साईटमा विसर्जन गर्ने गरेको। प्रशोधन विधि छैन। |
| १ | स्वःव्यवस्थापन | ✓ पुनः प्रयोग र न्यूनिकरणमा केही प्रयास भएको देखिन्छ। पुनः चक्रिय प्रयोग, कम्प्रेशन विधि आदिको प्रयोग तर्फ पालिकाको दृष्टि पुगेको छैन। |
| १ | स्थानीयलाई सहयोग | ✓ महानगरपालिकाले केही सहयोग गरेको देखिन्छ। अन्य पालिकाहरुबाट केही सहयोग भएको पाइँदैन। |

| | | |
|---|---|---|
| २ | अध्ययन | ✓ महानगरपालिकाले केही उल्लेख्य विषयमा अध्ययन गर्न खोजेको देखिन्छ। अन्य पालिकाको खासै महत्वपूर्ण अध्ययन भएको पाइँदैन। |
| २ | उपाय | ✓ केही पालिकाले कपडा बैंकको अवधारणा प्रयोगमा ल्याएको देखिन्छ।<br>✓ कम्पोष्ट मल प्लान्ट, वायो ग्यास प्लान्टको अवधारणा प्रयोगमा ल्याउन खोजेको देखिन्छ।<br>✓ न्यूनीकरणको विधितर्फ केही पालिका लागेको देखिन्छ। |
| २ | समयसिमा | ✓ महानगरपालिका आगामी २०८३ भित्र स्रोतमै वर्गीकरण गर्ने योजनामा छ। अन्य अधिकांश पालिका यस विषयमा अझै सजग हुन बाँकी देखिन्छ। |
| २ | संघ र प्रदेशको सहयोग | ✓ नीति निर्माण (नयाँ ऐन बनाउने तरखरमा छ!) वाहेक अन्यमा छैन। फोहर मैला व्ययवस्थापनको नीति निर्माण तर्फ दुई तहका सरकार लागेको छैन। |
| २ | निजी कम्पनीको शूल्क | ✓ छैन। |
| २ | परिमाण | ✓ उल्लेख्य रुपमा धेरै कारण वर्गीकरण छैन। |
| २ | विषादीजन्य फोहर र अस्पतालजन्य फोहर | ✓ आफै व्यवस्थापन गर्ने गरेको। प्रशोधन विधि छैन। |
| २ | घरेलु व्यवस्थापन | ✓ नागरिक सजगतामा घरेलु व्यवस्थापन निर्भर हुने। घरेलु व्यवस्थापनले फोहर मैला उत्सर्जन न्यूनिकरणमा उल्लेख्य भूमिका खेल्ने। |
| २ | छुटफुट | ✓ स्थानीय वडा तहमा र विभिन्न समूहको तहमा कार्यक्रम भएको तर त्यसको प्रभाव र परिणाम उल्लेख्य छैन। |
| | | ✓ |

१९.यसमा निवेदक र विपक्षीहरूले विभिन्न मितिमा यस अदालतमा पेश गरेको लिखित जवाफ मिसिल सामेल रहेको।

## यस अदालतको आदेश

२०.नियम बमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ आज यस इजलास समक्ष पेस हुन आएको प्रस्तुत निवेदनमा मिसिल संलग्न कागजातहरु अध्ययन गरियो।

२१.निवेदक विद्वान् अधिवक्ता श्री दिपक विक्रम मिश्र र श्री पदम बहादुर श्रेष्ठ तथा निजका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री पुण्य प्रसाद अर्याल तथा विद्वान् अधिवक्ताहरु श्री उत्तम बहादुर श्रेष्ठ, श्री मनोहर लामिछाने, श्री सुरेन्द्र विक्रम के.सी., श्री नागेश्वर प्रसाद चौधरी, डा. श्री पुण्य प्रसाद खतिवडा, श्री कीर्तिनाथ शर्मा पौडेल, श्री त्रिलोक बहादुर चन्द, श्री चिरन्जीवी नेपाल, श्री हरिकृष्ण श्रेष्ठ र श्री खड्ग बहादुर राई तथा विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सह-न्यायाधिवक्ता श्री दिपशिखा मुनाकमी, विपक्षी ललितपुर महानगरपालिकाको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री रमेश कुमार रोका र विपक्षी काठमाडौं महानगरपालिकाकोतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री महेश कुमार नेपाल र विद्वान् अधिवक्ता श्री ओमप्रकाश अर्याल समेतले गर्नु भएको बहस सुनियो।

२२.यसमा काठमाडौं उपत्यकामा दैनिक सङ्कलन हुने करिब १,००० टन फोहरमध्ये ८० प्रतिशत पुनः प्रयोग गर्न सकिने भए तापनि स्रोतमा वर्गीकरण नगरी सबै फोहर मिसाएर सिधै ल्यान्डफिल साइटमा थुपार्ने कार्यले वातावरणीय संकट निम्त्याएको छ। यसरी जथाभावी फोहरमैला फाल्ने र उचित व्यवस्थापन नगर्ने कार्यले नेपालको संविधानको धारा ३० द्वारा प्रदत्त स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक हकमा आघात पुगेको छ। नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सम्बन्धित मन्त्रालयहरू र स्थानीय तहले फोहरमैला व्यवस्थापन ऐन, २०६८ र वातावरण संरक्षण ऐन, २०५३ को अक्षरसः पालना नगरेको, सडकमा फोहरको थुप्रो राख्नु, सङ्कलनको निश्चित समय तालिका नहुनु र ओखरपौवा ल्यान्डफिल साइटको विकल्प नखोज्नुले समग्र उपत्यकावासीको जनस्वास्थ्य एवम् पर्यटन क्षेत्रमा समेत गम्भीर असर पारेको हुँदा उपत्यकामा उत्पादित फोहरलाई स्रोतमा नै वर्गीकरण गर्न, छुट्टाछुट्टै गाडी प्रयोग गर्न, वैज्ञानिक शूल्क निर्धारण गर्न र तत्काल स्थायी ल्यान्डफिल साइटको व्यवस्था गर्न विपक्षीहरूका नाममा परमादेश आदेश जारी गरी पाउँ भन्ने वरिष्ठ अधिवक्ता पदम बहादुर श्रेष्ठको निवेदन माग रहेको देखियो।

२३.काठमाडौं महानगरपालिकाले ल्यान्डफिल साइट वि.सं. २०६२ देखि संञ्चालनमा रहेकोमा तीन वर्षका लागि मात्र निर्मित उक्त साइट क्षमताभन्दा बढी फोहर विसर्जन भइसकेको छ। वर्षायामका कारण माथिल्लो बाटो भासिएकाले फोहर बोक्ने सवारी साधन जान नसकिएको र दीर्घकालीन विकल्पका लागि छलफल मात्र भइरहेको अवस्था छ। विपक्षीहरूले जैविक र अजैविक फोहर एकै सवारी साधनमा राखी ल्यान्डफिल

पुऱ्याउँदा करोडौं रुपैयाँ जनताको कर दुरुपयोग भइरहेको छ। सार्वजनिक स्थानमा फोहर थुपारी आगो लगाउँदा वातावरण थप प्रदूषित बन्दै गएको छ। नेपालको संविधानको धारा १६, १८, २५ र ३०, वातावरण संरक्षण ऐन, २०५३, फोहरमैला व्यवस्थापन ऐन २०६८ र स्थानीय सरकार संञ्चालन ऐन, २०७४ अनुसार विपक्षीहरूले कानूनी दायित्व पूरा नगरेकाले रोगको महामारी फैलिन सक्ने गम्भीर अवस्था सिर्जना हुने भएकोले फोहर स्रोतमै छुट्याई सङ्कलन गर्ने, तत्काल वैकल्पिक ल्याण्डफिल साइटको व्यवस्था गर्ने र दीर्घकालीन योजना बनाई लागू गर्न अन्तरिम आदेशसहित परमादेश जारी गरिपाउँ भन्ने अधिवक्ता श्री दिपक विक्रम मिश्रको निवेदन मागदावी रहेको पाइयो।

२४.विपक्षीहरूको लिखित जवाफ हेर्दा, काठमाडौं उपत्यकाको फोहरमैला विसर्जन भइरहेको सिसडोल ल्याण्डफिल साइटको क्षमता अवधि समाप्त हुने अवस्थामा रहेकोले सिसडोल साइटको क्षमता अवधिभित्रै वञ्चरेडाँडा दीर्घकालीन ल्याण्डफिल साइट निर्माण गर्न केन्द्रले बजेट तथा कार्यक्रम पेस गरेकोमा केन्द्रको वार्षिक कार्यक्रममा बजेट विनियोजन हुन नसकेकोले निर्माण कार्य अघि बढाउन नसकिएको भन्ने सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्रको, उपत्यकाको फोहरमैला सङ्कलन गरी गराई सफा र स्वच्छ हराभरा शहरको व्यवस्थापन एवम् निर्माण सम्बन्धी कार्यको जिम्मेवारी उपत्यकास्थित महानगरपालिकाको क्षेत्राधिकारभित्र पर्ने विषय भएको हुँदा उक्त तहबाट प्राप्त हुने लिखित जवाफबाट स्पष्ट हुने र फोहरमैला व्यवस्थापनमा आवश्यकता अनुसार समन्वय तथा सहजीकरण गर्दै आएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सिंहदरबार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको करिव एकै बेहोरा मिलानको लिखित जवाफ रहेको पाइयो।

२५.फोहरमैलाको प्रवन्ध एवम् व्यवस्थापनको लागि काठमाडौं महनगरपालिकाको कार्यालय एवम् अन्तर्गतको तहहरुले उपलब्ध श्रोत, साधन एवम् जनशक्ति परिचालन गरी विभिन्न सञ्चार माध्यमहरु मार्फत जनचेतनामूलक कार्यक्रम संञ्चालन गरी स्वच्छ सफा र सुन्दर शहरको नारासहित कानूनबमोजिम कार्य सम्पादन गर्दै आइरहेको छ। फोहरमैलाको उचित व्यवस्थापन गरी काठमाडौं महनगरपालिकाको सुन्दरता प्रवर्द्धन गर्न काठमाडौं महनगरपालिका कार्यालय एवम् अन्तर्गतको तहसँग हाल उपलब्ध श्रोत, साधन र जनशक्तिको परिचालनले मात्र सम्भव हुन सक्दैन। फोहर व्यवस्थापनको कार्यमा प्रत्येक नागरिक, घर, समाज एवम् तहको सहयोग र साथ रहेको छ कि छैन भन्ने विषय अधिक महत्त्वपूर्ण हुने हुनाले प्रचलित कानूनको दायराभित्र रही आफ्नो

दायित्व वहन गरिरहेको तहलाई कानूनको अवज्ञा गरेको, कानून कार्यान्वयन नगरी महानगरपालिकालाई फोहरको डंगुर बनाएको नहुँदा प्रस्तुत निवेदन खारेज गरिपाउँ काठमाडौं महानगरपालिकाको र फोहरमैलाको सम्बन्धमा दैनिक रुपमा फोहर सङ्कलन गरी उचित व्यवस्थान गर्दै आइरहेको सम्बन्धमा स्थानीय व्यक्तिहरु कसैबाट गुनासो नआएको र दैनिक तालिका बनाई फोहरमैलाको व्यवस्थापन गरी सहरलाई स्वस्थ वातावरण दिने प्रयास गर्दै आइरहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी भक्तपुर नगरपालिका कार्यालयको, ओखरपौवा ल्याण्डफिल साइट भरिन लागेको र प्राकृतिक तथा मानवीय अवरोधका कारण समस्या उत्पन्न हुने गरेकोले यसको स्थायी विकल्प नेपाल सरकारले नै खोजिदिनुपर्ने, महानगरपालिकाले कम्पोष्ट मल डस्टबिन वितरण, प्लास्टिक पुनः प्रयोगका लागि तालीम र सडक सफा गर्ने मेसिनको प्रयोग जस्ता सुधारात्मक कार्यहरू गरिरहेको हुनाले रिट खारेज गरिपाउँ भन्नेसमेत बेहोराको ललितपुर महानगरपालिकाको लिखित जवाफ जवाफ रहेको देखियो।

२६.उपरोक्तानुसारको निवेदन, विपक्षीहरूको लिखित जवाफ, निवेदक एवम् विपक्षी तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायी तथा सहन्यायाधिवक्ताले प्रस्तुत गर्नु भएको बहस जिकिर र यस अदालतको आदेशानुसार विभिन्न नगरपालिकाहरूले पेश गरेको प्रतिवेदन समेत अध्ययन गरी प्रस्तुत रिट निवेदनमा देहायका प्रश्नहरूमा केन्द्रीत रही निर्णय दिनुपर्ने देखियो।

**क)फोहरमैला व्यवस्थापनको सम्बन्धमा के कस्ता अन्तर्राष्ट्रिय, संवैधानिक, कानूनी व्यवस्था एवम् यस अदालतबाट न्यायिक व्याख्या भएका छन्?**

**ख)फोहरमैलाको उचित व्यवस्थापनका लागि संविधान र प्रचलित कानूनद्वारा निर्दिष्ट दायित्वको पालना विपक्षीहरूबाट भएको छ, छैन?**

**ग) निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो, होइन ?**

२७.पहिलो प्रश्न अर्थात **फोहरमैला व्यवस्थापनको सम्बन्धमा के कस्ता अन्तर्राष्ट्रिय, संवैधानिक, कानूनी व्यवस्था एवम् यस अदालतबाट न्यायिक व्याख्या भएका छन्?** भन्ने सम्बन्धमा हेर्दा, यस सन्दर्भमा नेपाल पक्षराष्ट्र भएका फोहरमैला व्यवस्थापन सम्बन्धी केही अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू हेरौं। विभिन्न किसिमका फोहरमैला व्यवस्थापनका लागि तर्जुमा भएका यी महासन्धिहरु मध्ये Basel Convention on the Control of Transboundary Movements of Hazardous Wastes and their Disposal 1989, मा सीमापार विषाक्त फोहरको आयात, निर्यात र व्यवस्थापनलाई नियन्त्रण गर्ने जस्ता विषयवस्तु समेटी विषाक्त तथा अन्य हानिकारक फोहरको सीमापार ओसारपसारलाई न्यून गर्ने, फोहर व्यवस्थापनलाई वातावरणमैत्री बनाउने र विकासशील देशहरूमा अनियन्त्रित फोहर डम्पिङ रोक्ने लक्ष्य लिएको छ। उक्त महासन्धि नेपालले सन्

१९९६ डिसेम्बर १६ मा अनुमोदन गरेको छ। Stockholm Convention on Persistent Organic Pollutants 2001 ले दीर्घकालीन जैविक प्रदूषक (Persistent Organic Pollutants-POPs) नियन्त्रण गर्ने विषयवस्तु समेटी वातावरणमा लामो समयसम्म रहिरहने विषाक्त फोहर (जस्तै-प्लास्टिक, कीटनाशक, औद्योगिक फोहर) को न्यूनीकरण गर्ने र मानव स्वास्थ्य र पर्यावरण जोगाउने लक्ष्य लिएको छ। उक्त महासन्धि नेपालले सन् २००२ अप्रिल ५ मा अनुमोदन गरेको छ।

२८.यहाँ फोहरमैला व्यवस्थापनको सन्दर्भमा अन्तर्राष्ट्रियस्तरमा विकासित भएका केही मान्य विधि तथा सिद्धान्तहरू पनि अवलोकन गर्नु सान्दर्भिक देख्दछु। रोकथाम (Prevention), न्यूनीकरण (Minimisation), पुनःप्रयोग (Reuse), पुनः चक्रण (Recycling), अन्य पुनःप्राप्ति (Other Recovery), र अन्तमा विसर्जन (Disposal)[१] जस्ता विधिहरू समकालीन विश्वमा अवलम्बन भएका छन्। त्यसैगरी जसले फोहर उत्पादन गर्छ उसैले व्यवस्थापनको खर्च व्यहोर्नु पर्छ "प्रदूषणकर्ताले तिर्नुपर्छ" सिद्धान्त (Polluter Pays Principle)[२] पनि रहेको छ। प्रस्तुत सिद्धान्तले फोहरमैला उद्योग र व्यापारलाई जिम्मेवार बनाउँछ। साथै, विस्तारित उत्पादक जिम्मेवारी (Extended Producer Responsibility-EPR)[३] भन्ने सिद्धान्तले कुनै वस्तुको उत्पादकले आफ्नो वस्तुको सम्पूर्ण जीवनचक्रको जिम्मेवारी लिनुपर्छ भन्ने मान्यता राख्दछ। उक्त सिद्धान्त अनुसार फोहरमैला व्यवस्थापनमा उत्सर्जनदेखि सोको विसर्जन सम्मका सम्पूर्ण चरणहरूमा उत्पादकको भूमिका महत्वको साथ हेरिन्छ। त्यस्तै फोहर व्यवस्थापन कार्य जटिल एवम् संवेदनशील भएपनि वातावरण र स्वास्थ्यलाई जोखिम हुनुपूर्व नै फोहरमैला व्यवस्थापनको उचित र प्रभावकारी उपाय अवलम्बन गर्नुपर्ने सन्दर्भमा पूर्वसावधानीको सिद्धान्त (Precautionary Principle)[४] को पनि विकास भएको छ। यसर्थ, फोहरमैला व्यवस्थापन गर्ने दायित्व राज्यको मात्रै नभई निजी क्षेत्र, उत्पादक तथा आम नागरिकको समेत रहेको कुरामा कुनै विवाद हुनुपर्ने देखिँदैन।

२९.अब, नेपालमा स्वच्छ वातावरण एवम् फोहरमैला व्यवस्थापन सम्बन्धी संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्थाहरू सिंहावलोकन गरौं। नेपालको संविधानको धारा ३० को उपधारा १ मा **"प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुने छ"** भन्ने उल्लेख गरिएको छ। धारा ५१(छ)(७) मा **"प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने"** र धारा

---

[१] EU Waste Framework Directive 2008/98/EC; Basel Convention ESM Framework (COP11, 2013)

[२] Stockholm Declaration (1972); Rio Declaration, Principle 16 (1992); EU Waste Framework Directive

[३] OECD (2001, 2016), *Extended Producer Responsibility: A Guidance Manual for Governments*

[४] Rio Declaration, Principle 15 (1992); EU Treaty, Art. 191(2)

५१(छ)(८) मा **"वातावरण प्रदूषण गर्नेले सो बापत दायित्व बेहोर्नुपर्ने तथा वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने"** राज्यका नीतिहरूको व्यवस्था गरेको पाइन्छ। त्यसैगरी नेपालको संविधानको अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकारसूची अन्तर्गत क्रमसंख्या १८ मा पर्यटन, खानेपानी तथा सरसफाई भन्ने उल्लेख भएको देखिन्छ। संविधानको अनुसूची ८ को क्रमसंख्या ९ मा **आधारभूत स्वास्थ्य र सरसफाइ गर्ने** अधिकार स्थानीय तहमा हुने भन्ने व्यवस्था रहेको छ।

३०.वातावरण संरक्षण ऐन, २०७६ को दफा १५ को उपदफा (२) मा **"कसैले पनि जनजीवन, जनस्वास्थ्य एवं वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी प्रदूषण गर्न वा उपदफा (१) बमोजिम नेपाल सरकारले निर्धारण गरेको मापदण्ड विपरीतको कुनै काम गर्न वा गराउन हुँदैन"** भन्ने कानूनी व्यवस्था गरेको पाइन्छ। साथै, स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको अधिकार उल्लेख गरिएको र सोही ऐनको दफा ११(२)(झ) मा "**आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी**" विषयलाई स्थानीय तहको अधिकार अन्तर्गत रहने व्यवस्था गरिएको छ।

३१.यसरी नै फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३(१) मा **"फोहरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन प्लान्ट, कम्पोष्ट प्लान्ट, बायो ग्यास प्लान्ट लगायत फोहरमैलाको सङ्कलन, अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा संञ्चालन गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ"** भन्ने व्यवस्था रहेको, दफा ३(२) मा **"फोहरमैलाको सङ्कलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फलिएको वा राखिएको फोहरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको फोहरमैलाको प्रवन्ध गर्ने वा कुनै पनि किसिमबाट प्रयोग गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ"** भन्ने व्यवस्था रहेको र सोही ऐनको दफा ४ मा **"यस ऐन बमोजिम फोहरमैला व्यवस्थापन गराउने दायित्व स्थानीय तहको हुनेछ"** भन्ने व्यवस्था रहेको छ।

३२.उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्थाबाट फोहर मैलाको समुचित व्यवस्थापनको विषय स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले दिशा निर्देश गरेको तथा नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हकको रुपमा रहेको छ। यस्तो मानवको नैसर्गिक अधिकार तथा मौलिक हकको संरक्षण गर्ने दायित्व र जिम्मेवारी राज्य एवम् राज्यका निकायहरुको हो। नेपालको संविधानले संघ र प्रदेशको अधिकारको साझा सूचीमा खानेपानी र सरसफाई तथा स्थानीय तहको अधिकारको सूचीमा आधारभूत स्वास्थ्य र सरसफाई एवं वातावरण र पर्यावरणसम्बन्धी

विषय संघ, प्रदेश र स्थानीय तहको साझा सूची अन्तर्गत राखेको देखिन्छ। उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्थाको सापेक्षतामा झट्ट हेर्दा फोहरमैलाको व्यवस्थापन गर्ने जिम्मेवारी सामान्यतः स्थानीय तहमा रहेको देखिए पनि यसको दिगो व्यवस्थापन र कतिपय समस्याहरुको सम्वोधन तथा फोहर व्यवस्थापनसँग सम्बन्धित खानेपानी तथा सरसफाई, आधारभूत स्वास्थ्य र सरसफाई तथा वातावरण र पर्यावरणसम्बन्धी विषयको अन्योन्याश्रित सम्बन्ध हुने भएकाले यी विषयहरुको समग्रतामा हेर्दा राज्यका तीनै तहका सरकारहरुमा यसको जिम्मेवारी र दायित्व निर्दिष्ट गरेको छ। यसैले यी तीनै तहका सरकारको फोहरमैला व्यवस्थापनमा आपसी सहयोग, समन्वय कर्तव्य निर्वहन र क्रियाशिलता आवश्यक हुन्छ।

३३.फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ६ मा **स्थानीय तहले फोहरमैलालाई कम्तीमा जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्याउने गरी तोक्नु पर्नेछ** भन्ने र उपदफा (२) मा **उपदफा (१) बमोजिम स्थानीय तहले तोकिदिए बमोजिम फोहरमैलालाई स्रोतमै छुट्याई सङ्कलन केन्द्रसम्म पुर्‍याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा तहको हुनेछ र यसको लागि स्थानीय तहले आवश्यक प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन सक्नेछ** भन्ने कानूनी व्यवस्था रहेको छ। त्यसैगरी सोही ऐनको दफा ७ को उपदफा (१) मा **फोहरमैला निष्काशनको समय, स्थान र तरिका स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ** र दफा ८ को उपदफा (१) मा **स्थानीय तहले फोहरमैलालाई व्यवस्थित रुपमा सङ्कलन गर्न प्रत्येक टोल वा वस्तीमा सङ्कलन केन्द्र तोकी आवश्यक कण्टेनरको व्यवस्था गर्न सक्नेछ**, उपफा (२) **उपदफा मा (१) बमोजिम सङ्कलन केन्द्र तोक्दा यथाक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नु पर्नेछ** उपदफा (३) **उपदफा मा (१) बमोजिमको सङ्कलन केन्द्रमा फोहरमैला निष्काशन र सङ्कलन गर्ने समय र तरिका स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ** भन्ने पनि व्यवस्था गरिएको छ। सोही ऐनको दफा ९ को उपदफा (१) मा **सङ्कलन केन्द्रमा जम्मा भएको फोहरमैलाई स्थानान्तरण केन्द्र वा फोहरमैला व्यवस्थापन स्थलसम्म ढुवानी गर्ने दायित्व स्थानीय तह वा त्यस्तो तहले व्यवस्था गरेको संस्था वा तहको हुने** र उपदफा (२) मा **फोहरमैला ढुवानी गर्दा तोकिए बमोनिमको ढुवानी साधन प्रयोग गर्नु पर्ने, ढुवानीको साधन तोक्दा तौल, क्षमता, तरिका वा विधि, सडकको क्षमता तथा फोहरमैला ढुवानी गर्दा वातावरणमा पर्न सक्ने प्रभाव समेतलाई विचार गरी तोक्नु पर्ने र फोहरमैला ढुवानी गर्दा स्थानीय तहले दफा ६ बमोजिम स्रोतमा छुट्याई निष्काशन तथा सङ्कलन गरिएको फोहरमैलाको अलग अलग ढुवानी गर्नु पर्नेछ** भन्ने वाध्यात्मक कानूनी व्यवस्था रहेको पाइन्छ।त्यस्तै वातावरण संरक्षण ऐन, २०७६ को

दफा ३ उपदफा (२) को खण्ड (ग) मा स्थानीय तहको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकाससँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भए सम्बन्धित स्थानीय कानूनले तोकेको तह समक्ष र वातावरणीय प्रभावमूल्याङ्कन प्रतिवेदन भए प्रदेश कानूनले तोकेको प्रदेश सरकारको तह समक्ष पेश गर्नु पर्ने व्यवस्था रहेको पाइन्छ।

३४.नेपाल सरकार अर्थात संघीय सरकारको फोहरमैला व्यवस्थापन क्षेत्रमा फोहरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९ गरेको छ।[५] यसका प्रमुख विशेषताहरु अन्तर-क्षेत्रीय सह वित्त, नागरिक सहभागिता, सार्वजनिक निजी साझेदारी, विकास सहायता परिचालन, प्रविधि विकास र हस्तान्तरण र अनुभव बाँडफाँड रहेका छन्। यस नीतिमा घर, र औद्योगिक र तृतीय क्षेत्रहरूबाट उत्पन्न हुने फोहर व्यवस्थापन सम्बन्धी कानून र यसको लागि मापदण्डहरूलाई समावेश गरिएको छ। जनस्वास्थ्यमा फोहरबाट पुग्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्ने, फोहर व्यवस्थापनमा संघीय तहहरूको भूमिका स्पष्ट गरिएको छ। साथै, फोहर व्यवस्थापनमा फोहर व्यवस्थापन गर्ने नवीन प्रविधिको प्रयोग गरी फोहरलाई स्रोतको रूपमा परिचालन गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने विषयलाई विशेष रुपमा समावेश गरिएको छ। यस नीतिमा प्रक्षेपण गरिएका उद्देश्य प्राप्तिमा फोहरमैलाको प्रकृति अनुसार विभाजन गरी फोहर व्यवस्थापनका लागि कानुनी आधार तयार गर्ने, फोहरमैलाको वर्गीकरणका आधारमा छुट्टाछुट्टै मापदण्ड तयार गरी कार्यान्वयन गर्ने, फोहरमैलाको उत्पादनलाई फोहर उत्पन्न हुने ठाउँमा नै घटाएर फोहरमैलाको व्यवस्थापनलाई दिगो बनाउने, फोहरमैला व्यवस्थापन नागरिकको कर्तव्यका रुपमा अभिवृद्धि गर्ने, संघ, प्रदेश र स्थानीय तहको फोहर व्यवस्थापनमा भूमिका स्पष्ट गर्ने, सहवित्तीय, साझेदारी, सहकार्य र सहभागितालाई प्राथमिकता दिने, फोहर व्यवस्थापन सम्बन्धी अध्ययन र अनुसन्धान गरिने जस्ता आठवटा रणनीति तय गरिएको छ। यसरी नै फोहर व्यवस्थापनको सन्दर्भमा प्रत्येक रणनीतिका लागि कार्यनीतिहरू पनि तर्जुमा गरिएको छ। सरकारले फोहरमैला व्यवस्थापनसम्बन्धी एकीकृत ऐन तर्जुमा र कार्यान्वयन गरी जोखिमपूर्ण, रसायनिक, औद्योगिक, चिकित्सा तथा घरायसी फोहरमैलाको प्रभावकारी नियमन र व्यवस्थापन गर्ने, हानिकारक, रासायनिक, औद्योगिक र चिकित्सा फोहरको व्यवस्थापनमा विशेष संवेदनशील, जवाफदेही र उत्तरदायी हुनुपर्ने, स्रोतमै फोहर छुट्याउने र फोहरलाई न्यूनीकरण, पुनः प्रयोग र गर्न पनि प्रोत्साहन गर्ने, रसायनिक, औद्योगिक, चिकित्सा तथा घरायसी फोहरमैला व्यवस्थापनका लागि नियामक निकायको व्यवस्था गरिने र सरकारले फोहरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउन

[५] बिस्तृत अध्ययनका लागि हेर्नुहोस् *फोहरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९*
https://giwmscdnone.gov.np/media/pdf_upload/phoharmaila-vyavasthapan-rashtriya-niti-2079_1iqz7kp.pdf

प्रदेश र स्थानीय तहलाई आवश्यक सहयोग र सहकार्य गर्नेसमेत नीतिमा निर्दिष्ट गरिएको छ।[६]

३५.फोरमैला व्यवस्थापन एवम् वातावरणीय न्यायको सम्बन्धमा यस अदालतबाट प्रतिपादित र विकसित न्यायिक विधिशास्त्रका सन्दर्भमासमेत यहाँ संक्षिप्त रुपमा दृश्यावलोकन गर्न वाञ्छनीय देखिन आयो। यस सम्बन्धमा यस अदालतबाट प्रतिपादित केही सिद्धान्त र ब्याख्या यहाँ उल्लेख गरेको छु।

- तत्कालीन संविधानसभा सदस्य नविन्द्रराज जोशी विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय काठमाडौं समेत[७] भएको रिट निवेदनमा **झिनामसिना समस्या देखाई प्राथमिकतामा पार्नुपर्ने राजधानीलगायतका विभिन्न स्थानको फोहरमैला व्यवस्थापनमा दीर्घकालीन रुपमा समस्या समाधानतर्फ अग्रसर हुनुपर्ने। फोहरमैलाको व्यवस्थापन सम्बन्धमा स्थानीय तहले आपसी समझदारीद्वारा निष्कर्षमा पुगी सहमति हुनुपर्नेमा यस्तो हुन नसकेकोबाट फोहरमैलाको व्यवस्थापनको समस्या सिर्जना भएको अवस्थामा महानगरपालिका र उपमहानगरपालिकाले आवश्यक पहल गर्नुपर्ने। सर्वसाधारण जनताको स्वास्थ्य र वातावरण साथै राज्यको पहिचानसँग जोडिएको राजधानीको फोहरमैलाको उचित व्यवस्थापन गर्न यति घण्टा, दिन र महिना भनी समय किटान गर्न उचित नहुने हुँदा जति सक्दो चाँडो स्थानीय स्वायत्त शासन ऐन समेतले तोकेको काम, कर्तव्य र अधिकारबमोजिम कार्य गरी आगामी दिनमा समस्या नरहने तर्फ युद्धस्तरमै कारवाही गर्नुपर्ने** भनी न्यायिक व्याख्या भएको पाइन्छ।
- त्यसैगरी रिट निवेदक भरत कुमार बस्नेत विरुद्ध वन तथा वातावरण मन्त्रालय समेत[८] भएको उत्प्रेषण मुद्दामा **अहिले प्लाष्टिक मानव जीवनको दैनिकीसँग निकै गहिरो रूपमा जोडिएको छ। यसलाई पूर्ण रूपमा प्रतिबन्ध लगाउन सकिने अवस्था छैन तर यसबाट हुने हानि निकै व्यापक र जटिल रहेको हुँदा यसको जथाभावी प्रयोगलाई नियमन गर्नु अत्यावश्यक देखिने। यस्तोमा कानून र विज्ञानको समन्वयमा प्लाष्टिक प्रयोगसँग सम्बन्धित खतराउपर विचार गरेर आवश्यक नियमनकारी व्यवस्था गर्नु आवश्यक देखिने। काठमाडौं जस्तो व्यापक जनसङ्ख्या र उपभोक्ता रहेको सहरमा प्लाष्टिकमा गरिएको नियमनलाई परिवर्तन गरी पछि हट्दा स्वास्थ्य, पर्यावरण, जैविक विविधतामा नकारात्मक असर पर्ने र वातावरण कानूनको शासन**

---

[६] उही नीति https://www.skillsewa.com/blog-details/faharamal-vayavasathapana-rashhataraya-nata बाट उद्धृत

[७] ने.का.प.२०६८ अंक ५ पृष्ठ ८१२ निर्णय नम्बर ८६१६ संयुक्त इजलास

[८] ने.का.प. २०६९, अङ्क ११ निर्णय नं. ८९२२ संयुक्त इजलास

(environment rule of law) **को समेत विपरीत हुन जाने भनी न्यायिक व्याख्या भएको देखिन्छ।** त्यसैगरी अधिवक्ता प्रकाशमणी शर्माले बल्खुदेखी चोभारसम्म बागमती नदीको दायाँबाँया खाल्डो खन्दै फोहर गाड्ने काम गर्न लागेको विषयमा २०५७ सालमा दर्ता गराएको रिट निवेदन नम्बर ३४४० मा यस अदालतबाट मिति २०५७।०९।०२ मा **बागमती नदी क्षेत्रसमेतमा फोहरमैला व्यवस्थापन गर्दा जीवनका लागि हानिकारक हुने ढंगबाट वैज्ञानिक रुपमा मापदण्ड निर्धारण गरेर वातावरणीय दुष्प्रभाव कम हुने नहुने मूल्याङ्कन अनिवार्य रुपमा गरी मापदण्ड निर्धारण गरेर फोहरमैला व्यवस्थापन गर्नु गराउनु** भनी यस अदालतबाट आदेश भएको पाइन्छ।

- त्यस्तै जनहित संरक्षण मञ्च (प्रो.पब्लिक) का तर्फबाट अधिवक्ता प्रकाशमणि शर्मा समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत[९] **भएको परमादेश मुद्दामा स्वास्थ संस्थाबाट निष्कने फोहरहरूलाई संक्रमित र असंक्रमित गरी दुई भागमा छुट्याई संक्रमित फोहर अटोक्लेभ मेसिनमा राखेर निर्मलीकरण गरी किटाणुरहित भएपछि अरु फोहरमा मिसाई ल्याण्डफिल साइटमा पठाउने दायित्व त्यस्ता संस्थाहरूको हुन्छ। आफूले आर्जन गरेको मुनाफाको केही प्रतिशत फोहरमैलाको व्यवस्थापनको लागि अनिवार्यरूपमा खर्च गर्न लगाउनु समेत न्यायोचित हुने** भनी आदेश भएको देखिन्छ।
- त्यसैगरी अधिवक्ता सूर्यप्रसाद ढुंगेलविरुद्ध गोदावरी मार्बल इन्डस्ट्रिज प्रा.लिको मुद्दामा[१०] **गोदावरी क्षेत्रका पर्यावरण संरक्षणजस्तो संवेदनशील, मानवीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वको विषयमा प्रभावकारी र सन्तोषजनक उपचारात्मक कार्य भएको नदेखिँदा लागू नभएको खानी तथा खनिज पदार्थ ऐन, २०४२ लागू गर्नु, वायु, जल, ध्वनी एवं पर्यावरण संरक्षण गर्न आवश्यक कानून तर्जुमा गर्नु र गोदावरी क्षेत्रको पर्यावरण प्रभावकारी ढंगले संरक्षण गर्नु भनी सरकारसमेतका नाउँमा निर्देशनात्मक आदेश जारी देखिन्छ।**

३६. संवैधानिक एवम् कानूनी व्यवस्थाहरु साधिकार निकायबाट समुचित रुपमा परिपालना र कार्यान्वयन नभएको भन्ने नै निवेदकहरुले निवेदनमा उठाउनु भएको देखिन्छ। परिणामतः काठमाडौं उपत्यकामा दैनिक सङ्कलन हुने करिब १,००० टन फोहरमध्ये ८० प्रतिशत पुनः प्रयोग गर्न सकिने भए तापनि स्रोतमा वर्गीकरण नगरी सबै फोहर मिसाएर सिधै ल्यान्डफिल साइटमा थुपार्ने कार्यले संविधान प्रदत्त स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक हकमा आघात पुगेको भन्ने निवेदनमा जिकिर लिएको अवस्था छ। स्थानीय तहबाट यस विषयमा के कस्ता कार्य भइरहेका

[९] ने.का.प. २०६९, अङ्क ११ निर्णय नं. ८९२२ संयुक्त इजलास
[१०] ने.का.प. स्वर्ण शुभजन्मोत्सव विशेषांक, २०५२, पृ.१६९

छन् भनी जानकारी हाँसिल गर्न निरन्तर सुनुवाइका क्रममा यस इजलासबाट भएको आदेशानुसार विपक्षी उपत्यकाभित्र रहेका जम्मा २३ पालिकाहरुबाट प्राप्त प्रतिवेदनको सहन्यायाधिवक्ता दिपशिखा मुनाकमीबाट अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी प्रतिवेदन पेश भएको देखिन्छ। सो प्रतिवेदनमा उल्लिखित नगरपालिकाहरूले पेश गरेका फोहरमैला व्यवस्थापन सम्बन्धमा २८ वटा सूचकहरूमा आधारित रहेर गरिएका विश्लेषण मध्ये केही देहाय बमोजिमको अवस्था देखिन्छ।

क) **संरचना सम्बन्धमाः** प्राय सबैजसो पालिकाले बञ्चरेडाँडा ल्याण्डफिल साइटमा निजी संस्थाको सहयोगमा आफ्नो फोहर विसर्जन गर्दै आएका छन्, कुनै पनि पालिकाको आफ्नै छुट्टै स्थानान्तरण केन्द्र, ल्याण्डफिल साइट, प्रशोधन प्लान्ट, कम्पोष्ट प्लान्ट वा वायोग्यास प्लान्ट रहेको छैन।

ख) **क्षमता सम्बन्धमाः-** संरचना निर्माणका लागि जग्गाको उपलब्धता, आर्थिक, प्राविधिक र मानवस्रोतको अभाव रहेको छ।

ग) **वर्गीकरण सम्बन्धमाः** जैविक र अजैविक गरी दुई वर्गीकरण गर्नुपर्छ भन्ने जानकारी रहे तापनि स्रोतमा नै वर्गीकरण गर्ने गरेको नपाइएको, अजैविक फोहरको दीर्घकालीन सोच बनेको नदेखिएको,

घ) **साझेदारी सम्बन्धमाः** निजी कम्पनीहरू पालिकाको नियन्त्रणभन्दा बाहिर आफ्नै मनोमानी ढङ्गमा काम गर्दै आएको, सार्वजनिक निजी साझेदारीको कुनै उदाहरण नभेटिएको।

ङ) **कार्यान्वयन सम्बन्धमाः** सङ्घीय र स्थानीय कानून कार्यान्वयनको अवस्था चिन्ताजनक रहेको।

च) **समन्वय सम्बन्धमाः** सङ्घ र प्रदेशबाट हस्तक्षेप विना फोहर व्यवस्थापनको समस्या भविष्यमा झनै विकराल हुने; काठमाडौं महानगरपालिकाले आगामी २०८३ भित्र स्रोतमा वर्गीकरण गर्ने योजना बनाए तापनि अन्य अधिकांश पालिका अझैं सजग हुन बाँकी रहेको भन्ने देखिन आएको छ।

३७.फोहरमैला व्यवस्थापन कुनैपनि नागरिकको स्वच्छ वातावरणमा बाच्न पाउँने संविधान प्रदत्त अधिकारसँग प्रत्यक्ष सम्बन्ध रहने विषयवस्तु हो। फोहरमैला व्यवस्थापन (Solid Waste Management) भनेको हामीले दैनिक जीवनमा उत्पादन गर्ने फोहर (organic, plastic, paper, metal, hazardous आदि) लाई व्यवस्थित रूपमा सङ्कलन, ढुवानी, प्रशोधन, पुनः प्रयोग वा सुरक्षित विसर्जन गर्ने कार्यमा विशेष गरी काठमाडौं उपत्यकामा यो ठूलो चुनौती बनेको छ। काठमाडौं उपत्यकामा दैनिक करिब १,०००-१,२०० मेट्रिक टन फोहर उत्पादन हुनेमा बञ्चरेडाँडा ल्यान्डफिलमा फालिदै आएकोमा स्थानीय बासिन्दाको अवरोध, फोहरको रस (leachate) ले नदी प्रदूषण, स्वास्थ्य समस्या आदि

कारणले बारम्बार अवरोध हुँदै आएको छ। फोहरको कम्पोजिसन करिब ६०-७०% प्राङ्गारिक (organic) कम्पोस्ट बनाउन सकिने, २०-२५% प्लास्टिक, बाँकी कागज, धातु, hazardous आदि रहेको विभिन्न तथ्याङ्कबाट खुल्न आएको छ। उपत्यकामा विभिन्न स्थानीय तहहरूले ट्रकबाट घर तथा टोलहरूको फोहर सङ्कलन गर्ने तर धेरै ठाउँमा फोहर नछुट्याई मिसिएरै ल्याण्डफिल पुग्ने तथ्य विभिन्न स्थानीय तहहरूले पेश गरेको प्रतिवेदनबाट देखिन आएको छ।

३८.विपक्षीहरूको लिखित जवाफ बेहोराबाट फोहरमैला व्यवस्थापन राष्ट्रिय नीति २०७९ कार्यान्वयनमा ल्याएको र सो अनुकूल तीन तहका सरकारको जिम्मेवारी विस्तृत र स्पष्ट पार्दै प्रचलित ऐनलाई परिमार्जन गर्नको लागि फोहरमैला व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न विधेयक समेत मस्यौदा भएको भन्ने खुल्न आएको छ। तर काठमाडौं उपत्यकाको फोहर व्यवस्थापन सुब्यबस्थित रुपमा हुन नसकेको तितो यथार्थता रहेको छ। काठमाडौंको फोहर व्यवस्थापनको दैनिक रुपमा गरिने कार्यमा स्थानीय तहहरुको भूमिका भएपनि दिर्घकालीन व्यवस्थापन र यसका आवश्यक पूर्वाधार निर्माणमा तीन वटै तहका सरकारको भूमिका, सहयोग र समन्वय अपेक्षित हुन्छ। यी तीनवटै सरकारको सहयोग र समन्वयलाई प्रभावकारी बनाउन तीन वटै तहका प्रतिनिधि सम्मिलित विशेषज्ञ सहितको विशेष संयन्त्र निर्माण गरी फोहरमैला व्यवस्थापन कार्यमा प्रभावकारी भूमिका निर्वाह गर्नु समिचिन हुन्छ। स्रोतमा नै फोहर छुट्याउने र उत्सर्जनलाई न्यूनीकरण, पुनःप्रयोग र व्यवस्थापन गर्न नागरिक सचेतना र शिक्षा पनि उत्तिकै जरुरी हुन्छ। यसैले यसका लागि विपक्षी निकायहरूले पर्याप्त सचेतनाको कार्यक्रमहरू संचालन गर्नुपर्ने आवश्यकता देखिएको छ।

३९.माथिल्ला प्रकरणमा विवेचित तथ्य, संवैधानिक एवम् कानूनी व्यवस्था, आदेशानुसार विभिन्न स्थानीय तहहरूबाट पेश भएको विस्तृत प्रतिवेदन, यस अदालतबाट प्रतिपादित सिद्धान्त, नेपालले अनुमोदन गरेका फोहरमैला व्यवस्थापनसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय महासन्धि समेतको आलोक र सापेक्षतामा प्रस्तुत रिट निवेदनमा निवेदकले उठान गरेको विषयलाई नियाँल्दा हाल विद्यमान रहेको समस्याहरु समाधानको सम्बन्धमा विपक्षीहरूबाट संविधान र कानूनको अधिनमा रही आम नागरिकको स्वच्छ वातावरणमा वाच्न पाउने संवैधानिक अधिकारको प्रत्याभूत गर्ने सन्दर्भमा फोहरमैला व्यवस्थापनको लागि यथोचित र पर्याप्त पहलकदमी र कानूनको प्रभावकारी कार्यान्वयन गरी फोहरमैला व्यवस्थापनमा दीर्घकालीन रुपमा समस्या समाधानतर्फ अग्रसर र निरन्तर रुपमा कार्य हुनुपर्ने हुन्छ। यस सन्दर्भमा विपक्षीहरूबाट केही हदमा भूमिका निर्वाह हुँदै आएको भएपनि संविधान र कानूनले परिलक्षित गरे अनुरुप नागरिकले अनुभूत गर्ने तथा

उनीहरुको स्वच्छ र स्वस्थ्य वातावरणमा बाच्न पाउने अधिकारको व्यवहारतः प्रत्याभूत गर्ने हदमा प्रभावकारी रुपमा कार्य हुन सकेको प्रतित हुन आएको छैन।

४०.त्यसो हुँदा रिट निवेदकले अदालतसमक्ष प्रस्तुत गरेको नागरिकको स्वच्छ र स्वस्थ्य वातावरणमा बाच्न पाउने अधिकारको निर्वाध उपभोग गर्न सक्ने व्यवहारिक अवस्था सृजना गर्न संघ, प्रदेश र स्थानीय सरकारले विषयवस्तुको संवेदनशीलता र गम्भीरतालाई दृष्टिगत गरी आपसी समन्वय, सहकार्य, साझेदारी र सहभागितामा फोहरमैला व्यवस्थापनको सम्बन्धमा चुस्तता र प्रभावकारिता ल्याउनु वाञ्छनीय र अति आवश्यक देखिन्छ। यसैले सर्वसाधारण जनताको आधारभूत स्वास्थ्य र पर्यावरणीय सुन्दरता एवम् वातावरण संरक्षणका साथै राज्यको पहिचानसँग जोडिएको राजधानीको फोहरमैलाको उचित व्यवस्थापन गर्न यथाशीघ्र देहायका कार्य गर्नु गराउनु भनी विपक्षीहरुका नाउँमा परमादेशको आदेश जारी गरिएको छ।

क) फोहरमैला व्यवस्थापन ऐन, २०६८ लगायतका फोहर व्यवस्थापनसँग सम्बन्धित प्रचलित कानून र फोहरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९ ले तर्जुमा र परिलक्षित गरेका रणनीति तथा नीतिहरुको प्रभावकारी रुपमा सबै विपक्षीहरुले कार्यान्वयन गर्नु गराउनू। यस रणनीतिको दफा ११ मा रहेको संस्थागत संरचनालाई प्रभावकारी बनाई अन्तर्राष्ट्रिय रुपमा यस विषयमा अवलम्बन र अभ्यासमा रहेका कुराहरु अध्ययन गरी काठमाडौं उपत्यकाको फोहर व्यवस्थापनका लागि गर्नुपर्ने कार्यहरु गर्न सम्बद्ध निकायलाई मार्गदर्शन गरी त्यसको यस समितिले नियमित रुपमा अनुगमन गर्नू।

ख) ल्यान्डफिल साइट र सो साइटसँग सम्बन्धित समस्या दीर्घकालीन रुपमा समाधानका लागि संघ, प्रदेश र स्थानीय तहको महत्वपूर्ण भूमिका हुने र आपसी सहयोग र समन्वयमा मात्र सो समस्याको सम्वोधन हुने भएकाले नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा शहरी विकास मन्त्रालयका सचिव, बागमती सरकारका प्रमुख सचिव र काठमाडौं उपत्यकाका सबै पालिकाका प्रशासकीय प्रमुखहरु रहेको काठमाडौं उपत्यका फोहरमैला व्यवस्थापन सहयोग र समन्वय समिति गठन गरी जग्गाको व्यवस्थापन तथा यस सम्बन्धमा गर्नुपर्ने अन्य कार्य गर्नू गराउनू।

ग) उपत्यकाका सबै पालिकाले आवास, व्यवसाय, विद्यालय, कार्यालय, संघ संस्था र सार्जजनिक तथा निजी लगायतका अन्य स्थानबाट जैविक (कुहिने) र अजैविक (नकुहिने) फोहर स्रोतमा नै अनिवार्य रूपमा छुट्याउनका लागि सचेतना अभिवृद्धि कार्यक्रमहरू संचालन गर्नु र कुहिने तथा नकुहिने

फोहरलाई स्रोतमा नै छुट्टा छुट्टै वर्गीकरण गरी सङ्कलनको प्रवन्ध गर्नू गराउनू।

घ) फोहर निष्कासनको निश्चित दिन, समय र स्थान यकिन गरी सार्वजनिक रूपमा प्रचारप्रसार गर्नू गराउनू।

ङ) जैविक र अजैविक फोहर छुट्टाछुट्टै सवारी साधनबाट मात्र सङ्कलन गर्नु गराउनू।

च) फोहरको प्रशोधन, मल उत्पादन र पुनःप्रयोगका सम्बन्धमा आवश्यक पहल गर्नू गराउनू।

छ) काठमाडौं उपत्यकाका सबै पालिकाहरुले फोहरमैला व्यवस्थापनको सम्बन्धमा तत्कालीन, अल्पकालीन तथा दीर्घकालीन कार्ययोजना बनाई सो को प्रभावकारी कार्यान्वयन गरी निरन्तर अनुगमन मूल्याङ्कन गर्नू गराउनू। यस्ता कार्ययोजना उपत्यकाका सबै पालिकाहरुको आपसी सहयोग र समन्वय गर्ने कुरालाई अभिबृद्धि गर्ने कुरामा पनि प्रयत्न गर्नु गराउनू।

ज) विपक्षीहरूको लिखित जवाफबाट नयाँ फोहरमैला ऐनको मस्यौदा कार्य भइरहेको भन्ने देखिन आएकोले अब बन्ने ऐनमा संघ, प्रदेश र स्थानीय तहबीचको सहयोग र समन्वयका लागि साझा संयन्त्र निर्माण गर्नु गराउनू।

झ) काठमाडौं उपत्यकाको फोहरमैला सम्बन्धमा आम नागरिकको गुनासो गर्नको लागि प्रत्येक पालिकाका प्रमुख, प्रदेश प्रमुख सचिवको कार्यालय र प्रधानमन्त्री कार्यालयको मुख्य सचिवको सचिवालयमा गुनासो सम्वोधन संयन्त्र स्थापना गर्नु गराउनु र यस कुराको उपत्यकाबासीलाई जानकारीका लागि सार्वजनिक संचार माध्यमबाट सुसूचित गराउनू।

ञ) काठमाडौं उपत्यकाबाट उत्सर्जन हुने फोहरमैला ओखरपौवा सिसडोलको ल्यान्डफिल साइटमा व्यवस्थापन गर्दै आएको हुँदा सो स्थानमा बसोबास गर्ने मानिसहरूको स्वास्थ्य तथा स्वच्छ वातावरणमा बाँच्न पाउँने हकलाई दृष्टीगत गरी निजहरूको स्वास्थ्यमा फोहरमैलाको कारण पर्न सक्ने सम्भावित जोखिम न्यूनीकरण र संवोधनका लागि संवेदनशील भई आवश्यक कार्य गर्नू गराउनू।

ट) प्रस्तुत आदेश कार्यान्वयको जानकारी प्रत्येक तीन महिनामा विपक्षीहरु र उपत्यकाका सबै पालिकाहरुले यस अदालतको फैसला कार्यान्वयन निर्देशनालयमा गराउनू।

४१. उल्लिखित बमोजिमको कामकारबाही गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहरेकोले यो आदेशको प्रतिलिपि साथै राखी आदेश कार्यान्वयनको लागि

महन्यायाधिवक्ताको कार्यालयमार्फत् विपक्षी पालिकाहरूमा पठाई अन्य विपक्षीहरूलाई पत्राचार गर्नू। यो फैसलाको कार्यान्वयनको लागि यस अदालतको फैसला कार्यान्वयन निर्देशनालयबाट निरन्तर अनुमगन गर्नू। सरोकारवालाले प्रस्तुत आदेशको प्रमाणित प्रतिलिपि माग गरे नियमानुसार लाग्ने दस्तुर लिई प्रमाणित प्रतिलिपि दिनू। प्रस्तुत आदेशको विद्युतीय प्रति यस अदालतको विद्युतीय मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा पठाइदिनू।

महेश शर्मा पौडेल
(न्यायाधीश)

उक्त आदेशमा सहमत छु।

डा.कुमार चुडाल
(न्यायाधीश)

इजलास अधिकृत (उपसचिव) : धन बहादुर गिरी
कम्प्युटर अपरेटर : संदिप अवाल
इति संवत् २०८२ साल साउन २६ गते रोज २ शुभम्----------------------------।

द्रष्टव्यः यस अदालतमा मिति २०८२।०५।२४ मा भएको आगजनी, लुटपाट र तोडफोडका कारण सक्कल मिसिल फेला नपरेको हुँदा मुद्दाका पक्षहरूले पेश गरेको कागजपत्र तथा मुद्दा व्यवस्थापन सफ्टवयर प्रणालीमा जनिएको मुद्दाको स्थिति (**Status**) समेतका आधारमा बिशेष परिस्थितिका कारण नष्ट भएका मिसिल कागजातको प्राप्ती र प्रमाणीकरण सम्बन्धी निर्देशिका, २०८२ को दफा ५,१० र ११ समेतबमोजिम यो आदेश तयार गरिएको छ।